सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१८ असार २०८२, बुधबार (2 July 2025, Wednesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ८० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ अभिव्यक्तिमाथि साइबर संकुचन

विद्युतीय कारोबार ऐनको बेलगाम प्रयोग

अभिव्यक्ति र प्रेस स्वतन्त्रताको दायरा कटौतीको अस्त्र

कतिपय अवस्थामा सामान्य आलोचनालाई पनि अपराधका रूपमा प्रस्तुत गरिएको भन्दै सरोकारवाला, अधिकारकर्मी र कानुन व्यवसायीको आपत्ति, अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्न विद्युतीय कारोबार ऐनको दफा ४७ को प्रयोग मर्यादित, सन्तुलित र न्यायोचित ढंगले मात्रै गर्नुपर्ने सुझाव

■ ०८०/८१ मा साइबर अपराधका ३८९ मुद्दा



■ दफा ४७ मा के छ ?

विद्युतीय स्वरूपमा गैरकानुनी कुरा प्रकाशन गर्ने :

(१) कम्प्युटर, इन्टरनेटलगायतका विद्युतीय सञ्चारमाध्यमहरूमा प्रचलित कानुनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोक लगाएका सामग्रीहरू वा सार्वजनिक नैतिकता, शिष्टाचारविरुद्धका सामग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जातजाति र सम्प्रदायबिचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्री प्रकाशन वा प्रदर्शन गर्ने, महिलालाई जिस्क्याउने, हैरानी गर्ने, अपमान गर्ने वा यस्तै अन्य कुनै किसिमका अमर्यादित कार्य गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।

(२) कुनै व्यक्तिले उपदफा (१) बमोजिमको कसुर पटक-पटक गरेमा त्यस्तो कसुरबापत अधिल्लोपटक भएको सजायको डेढी सजाय हुनेछ।

■ सामाजिक सञ्जाल सम्बन्धी दुई कानुन ल्याउने तयारीमा सरकार

शिल्पा कर्ण/नयाँ पत्रिका

पछिल्लो समय प्रहरीले प्रकाशित/प्रसारित समाचार सामग्री र सामाजिक सञ्जालमा भएका अभिव्यक्तिहरूलाई लिएर साइबर अपराधअन्तर्गत मुद्दा चलाउन थालेको छ। विशेष गरी विद्युतीय कारोबार ऐनको दफा ४७ अन्तर्गत मुद्दा दर्ता हुने क्रम बढ्दै जाँदा अभिव्यक्ति र प्रेस स्वतन्त्रताको दायरा कटौती हुने खतरा बढेको भन्दै सरोकारवाला र अधिकारकर्मीले चिन्ता व्यक्त गरेका छन्। विशेष गरी राजनीतिकर्मी र सत्ताको आलोचना गर्नेमाथि सरकार वादी हुने यो अभियोग अस्त्रको रूपमा प्रयोग भइरहेको छ।

नेपाल प्रहरीको साइबर ब्युरोमा दर्ता हुने उजुरीहरू र त्यसअनुसार अदालतमा पुग्ने मुद्दाहरूको झन्डै ९० प्रतिशतमा दफा ४७ नै प्रयोग हुने गरेको पाइन्छ। अधिकांश उजुरीमा अश्लील वा अपमानजनक भनिएका शब्दहरूको आधारमा अभियोग लगाइने गरिएको छ।

पछिल्लोपटक सोमबार मात्रै पत्रकार दिलभूषण पाठकविरुद्ध जिल्ला अदालत काठमाडौंमा साइबर अपराधको मुद्दा दायर गरिएको छ। जिल्ला सरकारी वकिल कार्यालयमार्फत दायर मुद्दामा उनलाई पाँच वर्ष कैद र एक लाख रुपैयाँ जरिवाना सजाय मागदाबी गरिएको छ।

पत्रकार पाठकले कांग्रेस सभापति शेरबहादुर देउवा र परराष्ट्रमन्त्री आरजु राणाका छोरा जयवीर देउवाको एक

» पृष्ठ २ मा क्रमशः

■ गाली-बेइज्जतीसँग मिल्दोजुल्दो कार्यमा पनि साइबरको मुद्दा



● **डा. सुवास आचार्य**
फौजदारी मामिलाका जानकार

हाम्रोमा प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रतालाई संकुचित गर्ने हिसाबमा विधायिकी मनसायभन्दा बाहिर गई कानुनको दुरुपयोग वा बलपूर्वक प्रयोग गर्दा समस्या देखिएको हो। त्यसैले, यो कानुनभन्दा पनि कानुन कार्यान्वयन गर्ने निकायहरूले दुष्प्रयास गर्दा सिर्जित समस्या हो।



● **तारानाथ दाहाल**, वरिष्ठ पत्रकार तथा फ्रिडम फोरमका संस्थापक

पछिल्लो चरणमा डिजिटल प्लेटफर्म प्रयोग गर्ने सञ्चारकर्मीदेखि सर्वसाधारणलाई समेत ऐनको दफा ४७ अनुसार कारबाही गर्ने र मुद्दा चलाउने क्रम बढेको छ। पत्रकारितालाई नियमन गर्ने छुट्टै निकाय छ। फौजदारी र देवानी संहिता छन्, गोपनीयताबारेको बेग्लै ऐन छ। तर, ती प्रयोग नगरी सरकार, नेता, सरकारी निकायको आलोचना गर्दा प्रहरी र सरकारी वकिलको दुरुपयोग गर्ने परम्परा बढेर गएको छ। यसबाट प्रेस स्वतन्त्रता मात्र होइन, नागरिकको अभिव्यक्ति स्वतन्त्रतामाथि पनि दमन भएको छ, अधिकार कुण्ठित गरिएको छ। मानिसलाई सताउने, धेरै दिन थुनामा राख्ने गरी पनि यसको प्रयोग भएको छ।



● **अधिवक्ता सरोज गिरी**
उपप्राध्यापक (नेपाल ल क्याम्पस)

यो अपराध (दफा ४७) मा पनि पाँच वर्षसम्म कैदको व्यवस्था छ। तीन वर्षभन्दा बढी कैद हुने कसुरमा अदालतले पुर्पक्षका लागि थुनामा पठाउने सम्भावना हुन्छ भनेर पनि यो दफा लगाउने गरेको देखिन्छ।



● **दीपकराज अवस्थी**, प्रवक्ता, साइबर ब्युरो

दफा ४७ आफैंमा भेग छ। साइबर संसारमा हुने सबै कुरा समेट्ने हुनाले अनेक अर्थ निकाल्न सकिन्छ। पीडित मात्र होइनन्, कतिपय अवस्थामा हामीलाई पनि गाह्रो छ। कानुन बनाउँदा नै अभिव्यक्ति स्वतन्त्रता र अपराधबिचको डिमार्केसन भयो भने सबैलाई सजिलो हुने थियो।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

'जालसाजी'ले कठघरामा रामहरि

कुलिङ पिरियडमा राज्य व्यवस्था समितिको सहमतिविपरीत विशिष्ट प्रशासकहरूको स्वार्थ घुसाएर प्रतिनिधिसभामा प्रतिवेदन पेस गरेको भन्दै सभापति रामहरि खतिवडाको राजीनामा माग

■ संविधानविद् भीमार्जुन आचार्य भन्छन्-

संसद्को अवहेलनामा अविलम्ब कारबाही अघि बढाउनुपर्छ



यो गम्भीर, असामान्य र असाधारण विषय हो। समितिबाट पारित विधेयक मस्यौदा पेस गर्दा तलमाथि भएर आउने सोच्नै नसिकने कुरा हो। यो संसद्को अवहेलना हो। राष्ट्रिय मात्र नभएर अन्तर्राष्ट्रिय लज्जा हो। संसद्ले आफू सार्वभौम भएको स्थापित गर्न चाहन्छ भने संलग्नउपर संविलम्ब कारबाही अघि बढाउनुपर्‍यो।

■ सभामुख घिमिरे देखिएनन् गम्भीर

त्रुटि भएको भए राष्ट्रिय सभाले नै सच्याउने भन्दै पन्छिए



संसदीय अभ्यासमै चोट पुग्ने गरी विधेयकमा भएको छेडछाडमा सभामुख देवराज घिमिरे भने गम्भीर देखिएका छैनन्। मंगलबार राज्य व्यवस्था तथा सुशासन समितिका सभापति, सचिव र सदस्यहरूसँगको भेटमा सभामुख घिमिरे 'अब राष्ट्रिय सभाले नै सच्याउने' भन्दै जिम्मेवारीबाट पन्छिए।

■ छानबिन नभएसम्म बैठक नबस्ने समिति सदस्यहरूको अडान, मंगलबार बैठक बसेन

कमलराज भट्ट, सुवास भट्ट

संघीय निजामती सेवा ऐनसम्बन्धी विधेयकमा कुलिङ पिरियडको व्यवस्था निष्प्रभावी हुने गरी गरिएको संशोधनमा सभापति रामहरि खतिवडाको भूमिका शंकास्पद रहेको भन्दै राज्य व्यवस्था

» पृष्ठ २ मा क्रमशः



मंगलबार सभामुखसँगको छलफलपछि सञ्चारकर्मीसँग कुरा गर्दै राज्य व्यवस्था समिति सभापति रामहरि खतिवडा। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका



■ प्रमुख सत्तासाझेदार कांग्रेसको निष्कर्ष-

'कुलिङ पिरियड'मा जालझेल भयो, छानबिन गरी दोषीलाई कारबाही गर्नुपर्छ

मंगलबार केन्द्रीय समिति बैठकपछि कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले सञ्चारकर्मीसँग भने, 'विधेयकमा भएको हेरफेरबारे बैठकमा प्रश्न उठेको छ। यसले लोकतान्त्रिक प्रक्रियामाथि ठुलो प्रश्न खडा गरेको निष्कर्ष छ। पदको दुरुपयोग गरेर विधेयक छेडछाड गर्नेहरूलाई तत्काल छानबिन गरी कारबाही गर्नुपर्छ भन्ने मत छ।'

■ प्रमुख प्रतिपक्षी दल माओवादीले भन्यो-

विधेयकमा छेडछाड र चलखेल भएको छ, छानबिन गरी कारबाही गर्नैपर्छ

युवा संगठन वाइसिएलको केन्द्रीय पदाधिकारी बैठकलाई मंगलबार पेरिसडाँडामा सम्बोधन गर्दै प्रचण्डले भने, 'परिवर्तनका उपलब्धिहरू उल्ट्याउने षड्यन्त्र हुँदै आएको छ। विधेयकमा चलखेल तथा छेडखानी गर्ने प्रवृत्तिलाई कुनै हालतमा छुट दिन सकिँदैन र बदमासी छानबिन गरी कारबाही गराउनेतर्फ लागेका छौं।'

■ संघीय मामिलामन्त्री राजकुमार गुप्ता भन्छन्-

सभापतिले मलाई पनि झुक्काएर दर्ता गर्नुभएछ, गम्भीर अपराध भएकाले छानबिन गर्नैपर्छ

विधेयक संसद्मा पठाउनुअघि राज्य व्यवस्था तथा सुशासन समिति सभापति तथा सांसदसहितको बैठक २ असारमा गर्ने सहमति अघिल्लो दिन भएको थियो। बैठक बिहान ९ बजे मेरो मन्त्रालयमा बस्ने गरी मैले समिति सभापति रामहरि खतिवडा, माननीय दिलेन्द्र बडू, लीलानाथ श्रेष्ठज्यू लगायतलाई निमन्त्रणा गरेको थिएँ। मेरो मन्त्रालयका सचिव, कानुनसचिव र समिति सचिवलाई पनि बोलाइएको थियो। बैठकमा विधेयकलाई अन्तिम रूप दिने, जाँच पड्ताल गर्ने र प्रतिवेदन संसद्मा पेस गर्ने योजना बनाउने भनिएको थियो। समिति सभापतिले 'यो निकै राम्रो हो' हुन्छ भन्नुभएको थियो।



बैठक तय गरेर १ असारको साँझ म बालुवाटार गएँ। अचानक हाम्रो पार्टी सचेतक महेश बर्तौलाले विधेयकको प्रतिवेदन समितिमा दर्ता भएको जानकारी दिनुभयो। प्रतिवेदन दर्ता भएको थाहा पाएपछि म झसंगै भएँ। दुःखी पनि भएँ। त्यसपछि मैले तुरुन्तै समिति सभापति खतिवडाजीलाई फोन गरेर सोधें- भोलि बैठक बस्ने सल्लाह भएको हो। आजै कसरी प्रतिवेदन दर्ता भयो ? उहाँले 'आफूलाई प्रेसरमा पारेको' बताउनुभयो। उहाँले भन्नुभयो, 'समितिले टुंग्याएकामा कुनै तलमाथि भा छैन।'

पास भएको प्रतिवेदनमा कुलिङ पिरियड स्पष्ट छ। विधेयक तलमाथि भएर यसरी आउँछ भन्ने थाहा नै भएन। 'कुलिङ पिरियड' नराखेको भए त विधेयक नै पारित हुन्थेन। मैले त विधेयक संसद्मा टेबुल गर्ने मात्र हो। सदनबाट दुई लाइन लेखेर आउँछ त्यो पढेपछि मेरो काम सकियो।

अहिले जे भयो यो संसद्कै घोर अपमान हो। समिति त छँदै थियो। देशकै अपमान भयो। सभामुखलाई भेटेर ध्यानाकर्षण गराएको छु। उहाँ पनि चिन्तित हुनुभएको छ। यो गम्भीर अपराध भएकाले यसमा छानबिन गर्नैपर्छ।

■ मंगलसेनको सडकमै रोपाइँ



अछाममा **ध्रुव बिसी**

अछाम सदरमुकाम मंगलसेनको बिचबजारमा मंगलबार रोपाइँ गर्दै स्थानीय। मंगलसेन बजारदेखि अछाम बहुमुखी क्याम्पस जाने सडकको झारफुंगा धारानजिकको करिब ६ सय मिटर खण्ड हिलाम्य भएकाले सांकेतिक विरोधस्वरूप धान रोपिएको स्थानीय वसन्तराज भाटले बताए। मंगलसेन नगरपालिकाका मेयर पदमबहादुर बोहराले आफूविरुद्ध प्रतिशोध साध्न रोपाइँ गरिएको बताए। 'सडक आठ मिटर चौडाइ बनाउन खोज्दा विरोध गरे, अहिले कालोपत्रेका लागि ठेक्का लागेर काम भइरहेका वेला मविरुद्ध प्रतिशोध साध्न रोपाइँ गरिएको हो,' उनले बताए।

०८३ मंसिरलाई 'डेडलाइन' मानेर महाधिवेशनको मिति तोक्न दबाब



आगामी मंसिरभित्र १५औं महाधिवेशन हुन नसक्ने हो भने कांग्रेस पदाधिकारीले कारण र औचित्य पुष्टि गर्नुपर्ने

(विस्तृत पृष्ठ ३)

वैशाखमा चार अर्ब ५० करोड रकमान्तर

उच्च रकमान्तरले नीतिगत स्थायित्व, योजना तयारी र बजेट कार्यान्वयनको विश्वसनीयतामाथि निरन्तर उठिरहेको छ प्रश्न



काठमाडौं-तराई मधेश फास्ट ट्र्याक आयोजनाको एक अर्ब २४ करोड तीन परियोजनामा पठाइयो

सबैभन्दा धेरै भौतिक पूर्वाधार मन्त्रालयमा २ अर्ब ५२ करोड पठाइयो

(विस्तृत पृष्ठ ६)

■ स्वचालित मूल्य प्रणालीमै आयल निगमको मनपरी

बढेर आएको पेट्रोल, डिजेलमा मूल्यवृद्धि तर, घटेर आएको ग्यासको मूल्य घटाइएन

ग्यासको मूल्य प्रतिसिलिन्डर ५१ रुपैयाँले घटेर आए पनि निगमले मूल्य घटाएन, न त सार्वजनिक नै गऱ्यो



● **माधव तिमिल्सिना**, उपभोक्ता अधिकारकर्मी

बढेर आएको मूल्य तुरुन्तै बढाउने, तर घटेर आएको मूल्य नघटाउनु उपभोक्तामाथि अन्याय हो। यो गम्भीर गैरजिम्मेवारी हो। प्रधानमन्त्री कार्यालय र उद्योग मन्त्रालयले हस्तक्षेप गरेर भए पनि मूल्य घटाउनुपर्छ।



● **मनोज ठाकुर**, प्रवक्ता, आयल निगम

सोमबार ग्यासको मूल्य घटेर आएको सत्य हो, तर अझै पनि ग्यासमा प्रतिसिलिन्डर १९७ रुपैयाँ घाटा छ। त्यसैले मूल्य घटाउने अवस्था छैन।

अजित अधिकारी/नयाँ पत्रिका

इन्डियन आयल कर्पोरेसन (आइओसी)बाट सोमबार साँझ पेट्रोल, डिजेल र हवाई इन्धनको मूल्य बढेर आएको भोलिपल्टै नेपाल आयल निगमले नेपाली बजारमा ती इन्धनको मूल्यवृद्धि गऱ्यो।

» पृष्ठ २ मा क्रमशः

■ घाटा देखाएर ग्यासको मूल्य नघटाउने निगमको मासिक नाफा एक अर्ब



उपभोक्तालाई राहत दिने गरी पेट्रोलियम पदार्थको मूल्य समायोजन नगरेको निगमले चालू आर्थिक वर्ष ०८१/८२ को १५ असारसम्म करिब १२ अर्ब नाफा आर्जन गरिसकेको छ। स्रोतका अनुसार प्रत्येक १५ दिनमा मूल्य समायोजन गर्दा औसतमा ५० करोड रुपैयाँ नाफा सुनिश्चित गर्ने गरिएको छ। 'मासिक औसत एक अर्ब नाफा सुनिश्चित गरेर पेट्रोलियमको मूल्य समायोजन हुँदै आएको छ। कुनै महिना एक अर्ब ३० करोडसम्म पनि नाफा बुक भएको छ,' स्रोतले भन्यो।

सोमबार रातिदेखि लागू हुने गरी मूल्य समायोजन गर्दा पनि आगामी १५ दिनका लागि ४० करोड रुपैयाँ नाफा बुक गरिएको छ। तर, ग्यासको मूल्य स्वचालित प्रणालीअनुसार प्रतिसिलिन्डर ५० रुपैयाँ घटाउन भने निगम व्यवस्थापनले लोभ गरेको छ। दैनिक एक लाख सिलिन्डर ग्यास खपतको आँकडा गरेको निगमले ५० रुपैयाँ मूल्य घटाएको भए आगामी १५ दिनमा ग्यासमा सात करोड ५० लाख रुपैयाँ घाटा व्यहोर्नुपर्ने थियो। जुन घाटा ४० करोड रुपैयाँ प्रक्षेपित नाफाबाट व्यवस्थापन गर्न सकिने भए पनि निगमले उपभोक्ताको हित वास्ता नगरी मूल्य समायोजन गरेको छैन। निगमले ३ वैशाख ०८१ देखि ग्यासको मूल्य समायोजन गरेको छैन। अहिले प्रतिसिलिन्डर ग्यासको मूल्य एक हजार ९१० रुपैयाँ तोकिएको छ।

ओली नेतृत्वको शासकीय सुधार आयोगमा कांग्रेसका खड्का र एमालेका बादल सदस्य नियुक्त

नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओलीको अध्यक्षतामा गठन गरिएको शासकीय सुधार आयोगमा सदस्यहरू नियुक्त गरिएको छ। राजनीतिक दलका तर्फबाट कांग्रेस उपसभापति पूर्णबहादुर खड्का र एमाले उपाध्यक्ष रामबहादुर थापा बादललाई नियुक्त गरिएको छ। गत ८ वैशाखमा बसेको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्री ओलीको अध्यक्षतामा आयोग गठन गर्ने निर्णय गरेको थियो। दुई महिनापछि १५ सदस्यीय आयोगले पूर्णता पाएको हो। गत १३ असारमा आयोगलाई पूर्णता दिइएको हो।





कांग्रेस उपसभापति पूर्णबहादुर खड्का र एमाले उपाध्यक्ष रामबहादुर थापा बादल नियुक्त भएसँगै १५ सदस्यीय आयोग पूर्ण

आयोगमा विज्ञ सदस्यका रूपमा तीनजना नियुक्त गरिएको छ। पूर्वसचिवहरू राजन खनाल र यामकुमारी खतिवडा तथा पूर्वबैंकर वर्षा श्रेष्ठलाई विज्ञ सदस्यका रूपमा नियुक्त गरिएको छ। निजी क्षेत्रका तर्फबाट त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक दीपेश घिमिरेलाई सदस्यमा नियुक्त गरिएको प्रधानमन्त्री कार्यालयका एक उच्च अधिकारीले बताए। आयोगमा अन्य सदस्यहरू भने पदेन छन्। अर्थमन्त्री विष्णु पौडेल, गृहमन्त्री रमेश लेखक, कानुनमन्त्री अजयकुमार चौरसिया, संघीय मामिलामन्त्री राजकुमार गुप्ता सदस्य छन्।

लोकसेवा आयोगका अध्यक्ष माधव रेग्मी, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. शिवराज अधिकारी, मुख्यसचिव

» पृष्ठ २ मा क्रमशः

ओली नेतृत्वको...

पृष्ठ १ बाट क्रमशः

एकनारायण अर्याल सदस्य तथा प्रधानमन्त्री कार्यालयका सचिव गोविन्द कार्कीलाई सदस्यसचिव तोकिएको छ। गत ४ असारमा आयोगको पहिलो बैठक बसेको थियो। प्रधानमन्त्री ओली स्वदेश फर्किएलगत्तै अर्को बैठक बस्ने तयारी छ। विभिन्न १६ विषय पहिचान गरी तिनको अध्ययन गरेर सुधार गर्ने उद्देश्यसहित यस्तो शक्तिशाली आयोग गठन भएको हो। सार्वजनिक सेवा प्रवाहलाई सरल, पहुँचयोग्य, मितव्ययी र झन्झटरहित बनाउने विषय, सार्वजनिक सेवा प्रवाहमा संलग्न निकायको भौतिक तथा मानवीय संरचना, कार्यविधि र प्रविधिलाई सेवाग्राहीमैत्री विषय, सरकारी निकायबाट हुने निर्णय प्रक्रियालाई छिटोछरितो, नतिजामूलक र सरल बनाउनेसम्बन्धी विषय, कार्यसम्पादनमा ढिलासुस्ती र दोहोरोपना हटाउन तहगत र निकायगत अन्तर-समन्वय सुनिश्चिततालगायत विषयमा सुधार गर्ने आयोगको उद्देश्य छ।

तीन तहका सरकारबिचको सहकार्य र समन्वयलाई सुदृढ बनाउनेबारे, संघीयताको प्रभावकारी कार्यान्वयन गर्ने विद्यमान प्रशासनिक संरचना (निजामती, सुरक्षा निकाय, संस्थान, समिति, बोर्डलगायत), कार्य प्रक्रिया एवं त्यसलाई निर्देशित गर्ने कानुनहरूमा गर्नुपर्ने सुधारका विषय पहिचान गर्नेबारे र सुशासनसम्बन्धी ऐन र कानुनमा गर्नुपर्ने सुधारका कार्यहरू पहिचान गर्नेबारे पनि आयोगले अध्ययन गरी सुझाव दिने कार्यादेश छ।

जालसाजीले...

पृष्ठ १ बाट क्रमशः

तथा सुशासन समिति सदस्यहरूले उनको राजीनामा मागेका छन्। सांसदहरूले समितिका सभापति खतिवडामाथि नैतिकताको प्रश्न उठाउँदै छानबिन सहज बनाउन राजीनामा दिनुपर्ने माग गरेका हुन्।

समितिमा भएको सर्वसम्मत निर्णयविपरीत प्रतिवेदन लेखेर आफूहरूमाथि विश्वासघात गरिएको भन्दै सदस्यहरूले संसदीय छानबिन गर्न र दोषीलाई कारबाही गर्न पनि माग गरेका छन्। समितिका सदस्यहरूका अनुसार निर्णयमा स्पष्ट रूपमा सबै राष्ट्रसेवक कर्मचारीलाई दुई वर्षको कुलिङ पिरियड लागू हुने सहमति भए पनि अन्तिम प्रतिवेदनमा त्यसलाई निष्प्रभावी पार्ने गरी अर्को उपदफा समावेश गरिएको छ।

सांसदहरूका अनुसार समितिले सरकारको प्रस्तावमा संशोधन गर्दै दफा ८२ मा नयाँ उपदफा थपेको थियो, जसअनुसार अवकाश प्राप्त वा राजीनामा दिएका राष्ट्रसेवक कर्मचारीलाई कुनै संवैधानिक वा सरकारी नियुक्ति लिन दुई वर्ष पर्खनुपर्ने व्यवस्था गरिएको थियो। तर, त्यसकै विरुद्ध जान सक्ने अर्को उपदफा प्रतिवेदनमा थपिएको उनीहरूको भनाइ छ।

प्रतिवेदनमा सभापति खतिवडा र समिति सचिव सुरजकुमार दुराको हस्ताक्षर छ। उक्त प्रतिवेदन १५ असारमा प्रतिनिधिसभाबाट पारित भएको हो। पारित भएपछि यो गम्भीर त्रुटि बाहिर आएको हो।

आफूहरूलाई झुक्याएपछि समिति सदस्यहरूले सोमबारै सभापति र समिति सचिवालयको आलोचना गरेका थिए। मंगलबार पनि सदस्यहरूले सर्वसम्मत निर्णयभन्दा बाहिर कुलिङ पिरियड निष्प्रभावी हुने गरी प्रतिवेदन कसरी बन्यो भनेर प्रश्न गरेका छन्। समिति सभापति र सचिवले स्पष्ट जवाफ दिन नसकेको सदस्यहरूले बताएका छन्।

कुलिङ पिरियडमा भएको त्रुटि सच्याउन, यसको छानबिन गर्न सभामुखलाई भेट्ने अघिल्लो दिनको सल्लाहअनुसार सदस्यहरू १० बजे भेला भएका थिए। सदस्यहरूले सुरुमा सभापति खतिवडा र सचिव दुरालाई राखेर सर्वसम्मत निर्णय किन फेरेको भनेर सोधपुछ गरेका थिए। 'सभापति तपाईं हुने, जिम्मा कसले लिन्छ ? तपाईंको इच्छाविपरीत त हुन्न होला नि ?' भनेर प्रश्न उठाएका थिए।

सभापति खतिवडाले 'मलाई त्यति थाहा भएन' भनेका थिए। त्यसपछि सदस्यले 'हस्ताक्षर किन गरेको ?' भनेर सोधे। सचिव दुराले 'कुलिङ पिरियड लागू हुने नै व्यवस्था छ, कायमै रहन्छ' भन्ने जिकिर गरे। सदस्यहरूले 'माथिको भावार्थलाई तल असर पर्ने गरेर लेख्ने अधिकार तपाईंलाई थिएन। के लेखेको तपाईंले ? माथि एउटा लेखेर तल त्यसलाई खण्डन गरेर लेख्ने ? हामीले कुरा नबुझेको ठानेको ? भनेर आक्रोश पोखे।

त्यसपछि सचिव दुराले 'तीन-चार महिना छलफल गरेको विषयमा कता-कता, क-के भएर अलिकति गल्ती भयो' भनेका थिए। सदस्यहरूले 'यो कसको दबाबले हो, तपाईंहरू खोज्नुस्, कारबाही हुनुपर्छ' भनेका थिए।

त्यसपछि सभापति र सचिवसहित सदस्यहरू सभामुख देवराज घिमिरेको चेम्बरमा पुगेका थिए। सभामुखसँगको भेटपछि समितिको अनौपचारिक बैठक बसेको थियो। बैठकमा सदस्यहरूले 'पहिलो दोष तपाईंहरूको हो। कसले गरेको हो भन्नुस् ? गुमराहमा नराख्नुस्' भनेका थिए। त्यहाँ सभापति खतिवडा र सचिवले गल्ती स्विकारेका थिए।

कांग्रेस सांसद हृदयराम थानीले समितिको निर्णय उल्टाएर प्रतिवेदन बनाउनु शक्ति पृथकीकरणको सिद्धान्तविपरीत भएकाले सच्याउनुको विकल्प नभएको बताएका थिए। 'जो डेलिगेसनमा आए, उहाँहरूकै कुरा स्पष्ट लेखिएको देखियो। उहाँहरूको प्रभाव विधेयकभित्र पर्न गयो। सभापतिमाथि नैतिकताको प्रश्न छ। यसलाई यसै छोड्नुहुँदैन। सबैलाई गाह्रो हुन सक्छ। छिटो छानबिन हुनुपर्छ, कडा कारबाही हुनुपर्छ,' उनले भने।

एमालेका पदम गिरीले संसदीय अभ्यासमा यो दुर्भाग्यपूर्ण र अक्षम्य घटना भएको बताए। 'यसले संसद् र समितिको गरिमा धुलीसात बनाएको छ। समितिले गरेका निर्णय पनि जस्ताको तस्तै सदन पुग्दैन, तोडमरोड हुन्छ, यसमा बिचौलियाले खेल्छन् भन्ने भयो। यसले जनतामा निराशा र परिवर्तनप्रति वितृष्णा बढ्ने भन्ने भयो,' उनले भने, 'त्यसकारण यसलाई सामान्य रूपले लिन मिल्दैन। धेरै नै गम्भीर विषय हो। यसमा नैतिक जिम्मेवारी लिएर मात्र पुग्दैन। कमजोरी गर्नेलाई कारबाहीकै दायरामा ल्याउनुपर्छ। यो कानुन निर्माणमा भएको जालसाजीपूर्ण कार्य हो। संसदीय समिति बनाएर छानबिन गर्नुपर्छ।'

माओवादीका प्रमुख सचेतक हितराज पाण्डेले कुलिङ निष्प्रभावी पार्न नियोजित रूपमा पहिलो र दोस्रो दफा अन्तरविरोधी बनाइएको भन्दै छानबिन नभएसम्म समितिको कुनै गतिविधि अगाडि बढ्न नसक्ने चेतावनी दिए। 'यो हामीमाथिको गम्भीर आघात हो। समितिको निर्णयअनुसार लेखेन, कसले लेखेन, छानबिन गरेर कारबाही गर्नुपर्‍यो,' उनले भने, 'गल्ती गर्‍यो भनेर पत्ता लाउने र कारबाही गर्ने गरी जानुपर्छ। यसका लागि सभापतिले तत्काल बैठक बोलाएर छानबिन अगाडि बढाउनुपर्छ।'

एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डे विधेयक राष्ट्रिय सभाबाट सच्याउने र दोषीलाई कारबाही गर्न छानबिन गर्ने कुरा भएको बताए। सभामुखसँगको छलफलमा सभापति र सचिवले ध्यान नपुगेको र गल्ती भएको स्वीकारोक्ति गरेको उनको भनाइ छ। जसपा नेपालका प्रकाश अधिकारीले यो विधायिकी अधिकारमाथि ठाडो अतिक्रमण भन्दै दोषीलाई कडा कारबाही गर्नुपर्ने बताए। सभापतिले पनि नैतिकता देखाउनुपर्ने उनको भनाइ थियो।

त्यसैबिच सभापति खतिवडाले विज्ञप्ति जारी गरेर कुलिङ निष्प्रभावी बनाउनेलाई छानबिन गर्न सभामुख र सच्याउन राष्ट्रिय सभालाई अनुरोध गरेका छन्। 'राज्य व्यवस्था तथा सुशासन समितिले पारित गरेको संघीय निजामती विधेयकमा व्यवस्था गरिएको कुलिङ अफ पिरियड सम्बन्धमा संसद्मा पेस गर्दा मूल मर्मलाई भत्काउने गरी तोडमोड गरिएको विषय गम्भीर त्रुटि र अक्षम्य घटना हो। यो सामान्य अवस्था होइन। यस सम्बन्धमा छानबिनका लागि सभामुखसँग अनुरोध गर्दछु,' उनले भने, 'त्यसैगरी कुलिङ अफ पिरियड राख्ने गरी सच्याउन राष्ट्रिय सभालाई अनुरोध गर्दछु।'

समिति बैठक स्थगित

निजामती विधेयकमाथिको गम्भीर छेडछाडको छानबिन नभएसम्म राज्य व्यवस्था तथा सुशासन समितिको अर्को बैठक नबस्ने भन्दै कांग्रेस, एमाले, माओवादीसहितका दलले अडान लिएका छन्। त्यसपछि खतिवडाले प्रहरी विधेयकमाथिको मंगलबारको निर्धारित बैठक स्थगित गरेका छन्।

सभामुख घिमिरे देखिएनन् गम्भीर

संसदीय अभ्यासमै चोट पुग्ने गरी विधेयकमा भएको छेडछाडमा सभामुख देवराज घिमिरे भने गम्भीर देखिएका छैनन्। मंगलबार राज्य व्यवस्था तथा सुशासन समितिका सभापति, सचिव र सदस्यहरूसँगको भेटमा सभामुख घिमिरे 'अब राष्ट्रिय सभाले नै सच्याउने' भन्दै जिम्मेवारीबाट पन्छिए।

भेटको सुरुमा सदस्यहरूले समितिको निर्णय उल्ट्याएर प्रतिवेदन लेखिएको र त्यसलाई सभाले पारित गरेको भन्दै छानबिन र निर्णय सच्याउन माग गरेका थिए। सदस्यहरूका अनुसार सभामुख घिमिरेले आफूले समितिको प्रतिवेदन नै पारित गरेको भन्दै सभाले केही हेरफेर नगरेको जवाफ दिएका थिए।

समितिमा भएको गल्तीको समिति नै जवाफदेही हुने भन्दै उनले समिति तहबाटै टुंग्याउनुपर्ने आशयसहित प्रस्तुत भएको एक सदस्यले बताए। छानबिनको प्रसंगमा सभामुखले अध्ययन गर्छु मात्रै भनेको उनको भनाइ छ। 'सिंगो सदनलाई निहित स्वार्थमा जालसाजी गरिएको छ। यसको छानबिन गरौँ भन्दा सभामुखले खासै रुचि देखाउनुभएन,' बैठकमा सहभागी एक सदस्यले भने, 'छानबिन गर्ने कुरामा विचार गर्छु भन्नुभयो। छानबिन हुनुपर्‍यो, कडा कारबाही गर्नुपर्‍यो भन्दा हल्का रूपमा लिनुभयो।'

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

खानी खोला हाइड्रोपावर कम्पनी लिमिटेड
Khani Khola Hydropower Company Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा , वडा नं.: ४, धुम्बाराही, काठमाण्डौ
फोन : ०१–४५३६३२५,
इमेलः khanikhola.hpcl@gmail.com, वेभसाइटः www.kkhpcl.com.np

हकप्रद शेयर निष्काशन (Right Share Issue) को लागि शेयरधनी दर्ता पुस्तिका बन्द बारेको सूचना

(प्रकाशित मिति : २०८२/०३/१८ गते)

खानी खोला हाइड्रोपावर कम्पनी लिमिटेडको हाल कायम चुक्ता पूँजी रु. ४६,५७,१४,३००/- (अक्षेरुपि छ्यालिस करोड सन्ताउन्न लाख चौध हजार तीन सय मात्र) बराबरको प्रति शेयर रु.१००/- अंकित दरका ४६,५७,१४३ कित्ता साधारण शेयरको १:१ अर्थात (विद्यमान १ कित्ता साधारण शेयर बराबर १ कित्ता साधारण शेयर) को अनुपातमा रु.४६,५७,१४,३००/- बराबरको प्रति शेयर रु. १००/- अंकित दरका ४६,५७,१४३ कित्ता हकप्रद शेयर निष्काशन प्रयोजनका लागि मिति २०८२/०३/२७ गते एक (१) दिन शेयरधनी दर्ता पुस्तिका बन्द गरिने व्यहोरा शेयरधनीहरु लगायत सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध गरिन्छ। शेयरधनी दर्ता पुस्तिका बन्द गरिने र सो मितिभन्दा अघिल्लो दिनसम्म अर्थात मिति २०८२/०३/२६ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर कारोबार भई कायम भएका शेयरधनीले मात्र यस हकप्रद शेयरका लागि दरखास्त दिन पाइने हुँदा सम्बन्धित सबै शेयरधनी तथा शेयर खरिदकर्ताहरूले सोही अनुसार शेयर नामसारी गर्नुहुन समेत अनुरोध गर्दछौं।

साथै धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) ले समेत यसै सूचनालाई आधार मानि CM Pool Account मा शेयर नराखी सम्बन्धित खरिदकर्ता शेयरधनीहरुको हितग्राही खातामा शेयर Transfer गरिदिनुहुन विनम्र अनुरोध छ। अन्यथा सो को जिम्मेवारी यस कम्पनी/शेयर रजिष्ट्रार/धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नहुने व्यहोरा समेत अनुरोध छ।

कृषि विकास बैंक लिमिटेड
Agricultural Development Bank Ltd.
("A" Class Institution Licensed from Nepal Rastra Bank)

पूर्वकर्मचारी सामूहिक स्वास्थ्य बीमासम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०३/१८ गते

यस बैंकका पूर्वकर्मचारीहरूको १ वर्ष अवधिको लागि बीमाङ्क रकम रु १,००,०००/-(अक्षेरपि एक लाख) मात्रको सामूहिक स्वास्थ्य उपचार बीमा गर्नुपर्ने भएकाले निम्न प्रक्रिया पूरा गरी मिति २०८२/०४/०६ गतेभित्र यस बैंकको जनशक्ति व्यवस्थापन विभागमा प्राप्त हुने गरी निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरू :-

१. बैंकमा कम्तीमा १५ वर्ष स्थायी, अस्थायी वा मासिक पारिश्रमिक, करारमा सेवा गरेका ७० वर्षभित्रका पूर्वकर्मचारीहरू मात्र।
२. सम्बन्धित पूर्वकर्मचारीहरूले आफू बसोबास गरेको वा पायक परेको बैंकको नजिकको कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ।
३. कृषि विकास बैंक लि. कर्मचारी सेवा विनियमावलीको परिच्छेद ७ बमोजिम सजाय भई बैंकले बर्खास्त गरेको वा अदालतबाट दोषी ठहर भई सजाय भएका कर्मचारीहरूले पूर्वकर्मचारी सामूहिक स्वास्थ्य बीमा सुविधा प्राप्त गर्न सक्ने छैनन्।
४. निवेदनको साथमा बैंकले जारी गरेको पूर्वकर्मचारी परिचय पत्र वा पूर्वकर्मचारी प्रमाण पुग्ने पत्र र नागरिकताको फोटोकपी पेश गर्नु पर्नेछ।

कृषि विकास बैंक लि.
जनशक्ति व्यवस्थापन विभाग
मुख्य कार्यालय,काठमाडौं
फोन नं ०१-५७२११२९

Laxmi Laghubitta Bittiya Sanstha Ltd.
लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.
(लक्ष्मी सनराइज बैंक लि. को सहायक कम्पनी)
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः
कपन मार्ग, महाराजगंज, काठमाडौं।
फोन नं.: ०१-४३७३६८२, ०१-४३७३६०४
इमेलः info@laxmilaghu.com.np
वेबसाइटः https://laxmilaghu.com.np

सूची दर्ता सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८२/०३/१८)

यस वित्तीय संस्थालाई आ.व.२०८२/८३ मा नियमित रुपमा आवश्यक पर्ने देहाय बमोजिमका वस्तु तथा सेवाहरु आपूर्ति गर्ने प्रयोजनको लागि सम्बन्धित विषयको कारोवार गर्न स्वीकृति प्राप्त गरेका अनुभवी इच्छुक फर्म, संस्था तथा कम्पनीहरुले नामावली सूची दर्ता गराउनु पर्ने भएकोले ईच्छुक फर्म/संस्था/कम्पनीहरुलाई संस्था दर्ताको प्रमाण पत्र (नवीकरण सहित), स्थायी लेखा प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी सूची दर्ताको निवेदन सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस संस्थाको केन्द्रीय कार्यालय सामान्य प्रशासन विभागमा वा gad@laxmilaghu.com.np इमेल मार्फत दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

१. स्टेशनरी छपाई सम्वन्धी कार्य।
२. स्टिल तथा काठका फर्निचरहरु, सेफ आदी।
३. Scanner, Printer, UPS, इन्भर्टर, ब्याट्री, स्टेबलाइजर, सोलार प्यानल आपूर्ति तथा मर्मत सम्भार।
४. कार्यालय उपकरणहरु, कम्प्यूटर उपकरणहरु, Network Devices, CCTV Camera आदी।
५. एयर कन्डिसन आपूर्ति तथा मर्मत सम्भार।
६. फोटोकपी पेपर, टोनर तथा कार्टेजहरु आपूर्ति।
७. संस्थाको आन्तरिक सजावट तथा डिजाइन लगायत सोको लागि आवश्यक सामानहरु आपूर्ति तथा मर्मत सम्भार कार्य।
८. विद्युतीकरण कार्य, विद्युतीय सामाग्री तथा उपकरणहरु आपूर्ति तथा मर्मत सम्भार।
९. विज्ञापन तथा कुरीयर सेवाहरु।

नोटः सूची दर्ता गर्ने निवेदकहरु मध्ये योग्य ठहरिएका फर्म, संस्था तथा कम्पनीहरुलाई मात्र सूचीकृत गरिनेछ। उक्त फर्म, संस्था तथा कम्पनीहरुलाई सूचीकृत गर्ने वा नगर्ने सम्बन्धी अधिकार यस संस्थामा निहित रहने छ।

विद्युतीय...

पृष्ठ १ बाट क्रमशः

होटेलमा लगानी रहेकोसम्बन्धी आफ्नो युट्युब च्यानलमा समाचार सम्प्रेषण गरेका थिए। जयवीरले उनीविरुद्ध साइबर ब्युरोमा जाहेरी दिएपछि प्रहरीले पाठकलाई पक्राउ गर्न खोजेको थियो। तर, उच्च अदालतले यो विषय प्रेस काउन्सिलले हेर्ने भन्दै धरपकड नगर्न आदेश गरेको थियो। अदालतको आदेशले पनि समाचारको विषयमा प्रहरीले अनावश्यक सक्रियता देखाएको प्रस्ट भयो। अहिले फेरि बयान नै नलिई पाठकविरुद्ध मुद्दा दायर गरियो।

त्यस्तै, गत २९ जेठमा जिल्ला अदालत काठमाडौंमा अधिवक्ता सुजित केसीविरुद्ध मुद्दा दायर भएको छ। उनले फेसबुकमा 'भ्रष्टाचारबाट आर्जन गरिएको कालो धनलाई सेतो बनाउन गरिएको प्रपञ्च' भन्दै परराष्ट्रमन्त्री आरजु राणा र पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाका छोराको एक होटेलमा लगानी रहेको समाचार सेयर गरेका थिए। यसमा पनि दफा ४७ अनुसारकै कसुर गरेकाले कारबाही माग गरिएको थियो भने अनुसन्धानकै क्रममा उनले उक्त पोस्ट डिलिट गरिसकेका छन्।

कतिपय अवस्थामा सामान्य आलोचनालाई पनि अपराधका रूपमा प्रस्तुत गरिँदै आएको अधिकारकर्मीको गुनासो छ। पछिल्लो समय साइबर ब्युरोले नेताहरूको आलोचना तथा गालीगलौज गरेको आरोपमा सामाजिक सञ्जालमा सक्रिय हुने रमा बस्नेत, ड्राभइर रेशम (रेशमराज पौडेल)लाई पक्राउ गरी मुद्दा चलाएको छ।

यसअघि पनि अभिव्यक्ति स्वतन्त्रतासँग जोडिएका थुप्रै घटनामा साइबर अपराधको यो दफा प्रयोग गरिएको छ। निर्देशकको मानहानि हुने गरी चलचित्रको समीक्षा गरेको भन्दै युट्युबका प्रस्तोता प्रनेश गौतमविरुद्ध पनि यही अभियोग लगाइएको थियो। केही चर्चित व्यक्तिको आलोचना गर्दा र अमूक समुदायविरुद्धका अभिव्यक्तिमा पनि यो दफाको प्रयोग भएका उदाहरण छन्। साथै, समाचार सम्प्रेषण गरेकै आधारमा पत्रकारहरूविरुद्ध पनि बारम्बार दफा ४७ को दुरुपयोग भएको छ।

विवादास्पद मानिँदै आएको विद्युतीय कारोबार ऐनको दफा ४७ को प्रयोगमार्फत राज्यले अभिव्यक्ति स्वतन्त्रता खुम्च्याउने प्रयास गरेको भनी आलोचना हुँदै आएको छ। यद्यपि, उक्त दफाले महिला तथा बालबालिकाको हकमा गरिने गाली बेइज्जतीजस्ता साइबर हिंसाको रोकथाम र पीडितलाई न्याय दिलाउन भूमिका पनि खेलेको छ। तर, यो दफा राज्य, सरकार वा सत्तापक्षको आलोचना गर्ने अभिव्यक्तिमा समेत प्रयोग गरिँदा त्यसले स्वतन्त्रताको हनन हुने अधिकारकर्मी बताउँछन्।

सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन ०८०/८१ अनुसार त्यस वर्ष जिल्लामा ३३७, उच्चमा ५१ र सर्वोच्च अदालतमा १ साबइर अपराधसम्बन्धी मुद्दा थिए। तीमध्ये जिल्लामा १९६, उच्चमा २४ र सर्वोच्चमा १ फर्स्योट भएका छन्।

अधिकारकर्मी र कानुन व्यवसायीहरूले अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्न यो दफाको प्रयोग मर्यादित, सन्तुलित र न्यायोचित ढंगले गर्नुपर्नेमा जोड दिँदै आएका छन्। नेपाल ल क्याम्पसका उपप्राध्यापक तथा अधिवक्ता सरोज गिरीले सरकारले कतिपय अवस्थामा आफूलाई चित्त नबुझेका कुरामा र नागरिकलाई तर्साउने, धम्क्याउनुपरे सकभर बढी सजाय हुने कानुन वा दफा लगाउने हिसाबले पनि यसको प्रयोग गरिरहेको बताए। दफा ४७ मा रहेको जिस्क्याउने, हैरानी दिने, अपमान गर्नेजस्ता शब्दको व्याख्या नरहेको तथा अस्पष्ट भएकाले पनि अभियोग लगाउन सहज भएको र बढी प्रयोग भएको उनको भनाइ छ।

'सरकारको आलोचना गर्नु, कार्टुन बनाउनु र काम-कारबाहीमाथि प्रश्न उठाउनुजस्ता कुरा लोकतन्त्रका सुन्दर पक्ष हुन् र यी अभिव्यक्ति स्वतन्त्राभित्र पर्छन्। यसले राज्यलाई बलियो बनाउँछ, यो कसुर होइन,' गिरीले भने, 'तर, नागरिक अडिट ठेगान लगाउने हिसाबले अभद्र व्यवहार र साइबर अपराध लगाउने गरिएको देखिन्छ। राज्यको चरित्र नेताको र सरकारको गल्ती नदेखाई प्रशंसा गरिदिए हुन्थ्यो भन्ने देखिन्छ।'

पत्रकार महासंघका पूर्वअध्यक्ष गोविन्द आचार्यले नेपाल पत्रकार महासंघले पटक-पटक यो दफा खारेजी वा संशोधनका लागि आवाज उठाएको र तत्कालीन संयन्त्रहरूबाट सकारात्मक जवाफ पाएको बताउँछन्। यही दफाको प्रयोग गरी हालसम्म १८० पत्रकारमाथि मुद्दा चलाइएको उनले बताए। दफा ४७ अनुसार नै अभियोजन भएका पत्रकारले अधिकतम सजाय अर्थात् पाँच वर्ष कैद काटिसकेका घटना पनि छन्।

यो दफा पत्रकारिता मात्र होइन, समग्रमा अभिव्यक्ति स्वतन्त्रताका लागि घाँटीमाथि झुन्ड्याइराखेको तरबारजस्तो रहेको आचार्य टिप्पणी गर्छन्। 'मुख्य रूपमा बैंकिङ कारोबारलाई व्यवस्थित र कसुरहरू सम्बोधन गर्न त्यो ऐन ल्याइएको हो। सम्पूर्ण रूपमा सूचना प्रविधि वा सामाजिक सञ्जालसम्बन्धी त्यो ऐन होइन,' उनले थपे, 'यो दफाअनुसारका अभियोजन गरी भएका फैसलालाई कतिपय अवस्थामा माथिल्ला अदालतले जिल्लाको फैसला गलत भनेर उल्ट्याएको पनि छ। व्यवहारतः यो दफाको औचित्य सकिइसकेको छ।'

गाली-बेइज्जतीसँग मिल्दोजुल्दो कार्यमा पनि साइबरको मुद्दा

मुलुकी अपराध संहिताले गाली-बेइज्जतीसम्बन्धी कसुरको पनि व्यवस्था गरेको छ। तर, अधिकतम सजाय बढी रहेकाले र प्रायः उजुरी दफा ४७ अनुसार नै पर्ने गरेका छन्। विशेष गरी अश्लील सामग्रीबाट महिला तथा बालबालिका पीडित हुन्छन् भने यस्तोमा दफा ४७ ले न्याय नै दिने गरेको कानुनका जानकार बताउँछन्। तर, साइबर स्पेसमा आलोचनात्मक वा विवादित अभिव्यक्ति मात्र दिएको विषयमा पनि यही दफा लगाइने गरेको छ।

साइबर अपराधका गम्भीर घटना सर्वोच्चसम्म पुगे पनि सामान्यतया उच्च अदालतबाटै टुंगिने गरेका छन्। त्यसैले पनि दफा ४७ का विषयमा व्याख्या भएको छैन। यद्यपि, एक यस्तै प्रकृतिको मुद्दामा भने उच्च अदालत पाटनले अपराध संहिताअनुसार कारबाही अघि बढाउन आदेश गरेको छ।

गत वर्ष २५ भदौमा उच्च अदालत पाटनका न्यायाधीशहरू मुनेन्द्रप्रसाद अवस्थी र कृष्णराम कोइरालाको इजलासले साइबर अपराध ऐनको दफा ४७ अनुसार दायर मुद्दामा प्रतिवादी माधवप्रसाद गुरागाईंलाई सफाइ दिँदै उनले मेसेजमार्फत गरेको गालीगलौजजस्ता कार्य साइबर अपराधमा नपर्ने बताएको छ। '...प्रस्तुत मुद्दामा प्रतिवादीबाट भएको कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा ३०५ अन्तर्गतको कसुर देखिँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२(१) बमोजिम जाहेरवालालाई सूचना दिई सकार गर्न आए ऐ. दफा ४२(२) बमोजिम प्रस्तुत मुद्दाबाटै कारबाही किनारा गर्नू,'

फैसलामा छ। फैसलामा भएको दफा ३०५ मा गाली गर्न नहुने व्यवस्था छ।

दफा ३०७ मा रहेको व्यवस्था पनि केही हदसम्म यो कसुरसँग मिल्छ। बेइज्जती गर्न नहुने र कसैले कसैको बेइज्जती गरे, गराएमा दुई वर्षसम्म कैद वा २० हजार रुपैयाँ जरिवाना वा दुवै सजाय हुन सक्ने प्रावधान उक्त दफामा छ। साथै, प्रतिबन्धात्मक वाक्यांशमा भनिएको छ, 'तर, विद्युतीय वा अन्य आमसञ्चारका माध्यमबाट बेइज्जती गरे वा गराएमा त्यस्तो सजायमा थप एक वर्षसम्म कैद र १० हजार रुपैयाँसम्म जरिवाना हुनेछ।' यस कसुरमा अदालतले मनासिब क्षतिपूर्ति भराइदिनुका साथै पीडितलाई मुद्दामा लागेको खर्च कसुरदारबाट भराउने पनि भनिएको छ।

अपराध संहिताकै दफा १२१ मा अश्लील किताब, पर्चा इत्यादि बनाउन वा बिक्री गर्न नहुने व्यवस्था छ। यसको उपदफा (१)(क) ले 'शारीरिक कामोत्तेजना बढाउने वा काम वासनामा आशक्त गराउने वा चरित्रहीन बनाउने कुनै अश्लील किताब, पर्चा, रेखाचित्र, चलचित्र, तस्बिर, रेकर्ड वा अरू कुनै वस्तु बनाउन, मुद्रण गर्न वा प्रकाशित गर्न वा विद्युतीय सञ्चारमाध्यमबाट प्रचारप्रसार गर्न' रोक लगाएको छ। यी र यस्ता केही व्यवस्था संहिताले गरेका छन्।

साइबर कानुनको यो दफामा अधिकतम सजाय बढी रहेकाले यसको प्रयोग बढी भएको अधिवक्ता तथा कानुनका उपप्राध्यापक सरोज गिरीले बताए। सरकारले आफूलाई चित्त नबुझेका, नागरिकलाई तर्साउने, धम्क्याउनुपरे सकभर बढी सजाय हुने कानुन वा दफा लगाउने ताकि बढी समय हिरासतमा राख्न सकियोस् भन्ने नियत देखिने उनको अनुभव छ।

'यो अपराधमा (दफा ४७) मा पनि पाँच वर्षसम्म कैदको व्यवस्था छ। तीन वर्षभन्दा बढी कैद हुने कसुरमा अदालतले पुर्पक्षका लागि थुनामा पठाउने सम्भावना हुन्छ भनेर पनि यो दफा लगाउने गरेको देखिन्छ,' गिरी भन्छन्। यद्यपि, अदालत भने केही उदार देखिने गरेको उनले बताए। नागरिकको अधिकार रक्षाको प्रयासस्वरूप साधारण तारेख वा कम धरौटीमा पुर्पक्ष गर्ने गरेको देखिएको गिरीको भनाइ छ।

फौजदारी मामिलाका जानकार डा. सुवास आचार्यका भनाइमा साइबर कानुनको व्यवस्थाभन्दा पनि प्रयोगमा समस्या देखिएको हो। दफाका केही शब्दको व्याख्या जरुरी देखिएको तथा केही अपूर्ण रहेको उनको भनाइ छ। 'हाम्रोमा प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रतालाई संकुचित गर्ने हिसाबमा विधायिकी मनसायभन्दा बाहिर गई कानुनको दुरुपयोग वा बलपूर्वक प्रयोग गर्दा समस्या देखिएको हो। त्यसैले, यो कानुनभन्दा पनि कानुन कार्यान्वयन गर्ने निकायहरूले दुष्प्रयास गर्दा सिर्जित समस्या हो,' आचार्यले भने।

साइबर ब्युरोका एसपी दीपकराज अवस्थी अनुसन्धान तथा अभियोजन सबै कानुनअनुसार प्रक्रिया पुर्‍याएर नै हुने बताउँछन्। गालीबेइज्जती व्यक्ति स्वयंले यस्तो मुद्दा लैजानुपर्ने भएकाले र प्रमाण जुटाउनेदेखि कानुनी प्रक्रियामा लाग्ने खर्च आफैँ व्यहोर्नुपर्ने भएकाले पनि मान्छे साइबर कानुनमै जान सहज मान्ने गरेको अनुभव सुनाउँछन्। साइबर अपराधको कसुर सरकारवादी हुने भएकाले अनुसन्धान अभियोजनजस्ता कार्य प्रहरीबाट हुन्छन्। यद्यपि, दफा ४७ केही अस्पष्ट रहेको अवस्थीको भनाइ छ। 'दफा ४७ आफैँमा भेग छ। यसले एकातिर साइबर संसारमा हुने सबै कुरा समेट्छ भने यसको अनेक अर्थ निकाल्न सकिन्छ,' उनले थपे, 'पीडित मात्र होइनन्, कतिपय अवस्थामा हामीलाई पनि गाह्रो छ। कानुन बनाउँदा नै अभिव्यक्ति स्वतन्त्रता र अपराधबिचको डिमार्केसन भयो भने सबैलाई सजिलो हुने थियो।'

महान्यायाधिवक्ताको कार्यालय भने यो दफा अस्ष्ट वा अभिव्यक्ति स्वतन्त्रतासँग बाझिएको अस्वीकार गर्छ। यो ऐनले साइबर स्पेसमा हुने सबै खालको विषय तथा कसुरलाई सम्बोधन गर्ने भएकाले यसमा हुने गलत अभिव्यक्ति र गाली बेइज्जती आदिलाई पनि यही कानुनले सम्बोधन गरेको कार्यालयको दाबी छ। महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ता टेकबहादुर घिमिरेका अनुसार मुलुकी अपराध संहिताका व्यवस्था र दफा ४७ को व्यवस्था फरक रहेको बताउँछन्। 'कम्प्युटर डिभाइस प्रयोग गरेर, साइबर स्पेसमा गर्ने गाली बेइज्जतीलाई मुख्य रूपमा विद्युतीय कारोबार ऐनले नै सम्बोधन गर्छ। खासगरी सरकार, अथोरिटीको हकमा अनर्गल लेखेमा, एआई प्रयोग गरी फेक भिडियो बनाएर हालेमा, गालीगलौज गरेमा यही दफाअन्तर्गत नै मुद्दा जाने हो। सरकारी अधिकारीको मानमर्दन गरेमा त्यसलाई क्रिमिनलाइज गर्ने भनेकै दफा ४७ नै हो। यो दफामा विवाद उठेकोजस्तो लाग्दैन,' उनले भने।

NDPC
नेपाल डिजिटल पेमेण्ट्स (कं) लि.

VACANCY ANNOUNCEMENT

Positions:
SALES MANAGER- 1

To Apply:
www.merojob/ndpc

Dhangadhi Sub-Metropolitan City
Office of the Municipal Executive
Dhangadhi, Kailali

INVITATION FOR THE BIDS

Date of publication: 1st July 2025 (2082/03/17 B.S.)

1. Dhangadhi Sub-Metropolitan City invites electronic bids from eligible bidders for the works mentioned below under National Competitive Bidding procedures.

S. N.	Contract Id Number	Description of Work	Estimate Excluding VAT	Bid Security	Bid Document Price	Bid Submission Dead Line	Bid Opening Date	Remarks
1.	165/DSMC/ 2081/082	Infrastructure Development Works at Saduwababa Lake Ward No. 07 DSMC	51,96,149.55	1,30,000/-	3,000/-	31st July 2025 (2082/04/15 B.S.) 12:00 Noon	31st July 2025 (2082/04/15 B.S.) 12:30 P.M.	Hard Copy Not Acceptable

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Dhangadhi Sub-Metropolitan City Office, Dhangadhi, Kailali, Website: dhangadhimun.gov.np, Phone no. 091-525506 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

बढेर आएको...

पृष्ठ १ बाट क्रमशः

तर, ग्यासको मूल्य प्रतिसिलिन्डर ५१ रुपैयाँले घटेर आए पनि निगमले त्यसको मूल्य घटाएन, न त सार्वजनिक नै गर्‍यो। सोमबार साँझ निगमले जारी गरेको विज्ञप्तिमा पेट्रोल ७.६४ रुपैयाँ, डिजेल ९.१३ रुपैयाँ र हवाई इन्धन ६.८८ रुपैयाँ प्रतिलिटर बढेर आएको जनाउँदै त्यहीअनुसार मूल्यवृद्धि लागू गरिएको उल्लेख छ। तर, ग्यासको मूल्य घटेको उल्लेख छैन। निगमले पेट्रोलमा ५ रुपैयाँ, डिजेल र मट्टीतेलमा ४ रुपैयाँ, आन्तरिक हवाई इन्धनमा ७ रुपैयाँ र अन्तर्राष्ट्रिय हवाई इन्धनमा ५१ अमेरिकी डलर प्रतिकिलोलिटर मूल्यवृद्धि गरेको छ। तर, ग्यासको खरिद मूल्य घटेको जानकारी लुकाइएको छ।

ग्यासमा घाटा रहेकाले मूल्य समायोजन गर्न नसकिएको निगम प्रवक्ता मनोज ठाकुरले बताए। 'अझै पनि ग्यासमा प्रतिसिलिन्डर १९७ रुपैयाँ घाटा छ। त्यसैले मूल्य घटाउने अवस्था छैन,' उनले भने। तर, उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिनाले ग्यासको मूल्य नघटाएर आयल निगमले उपभोक्तामाथि अत्याचार गरेको बताए। 'बढेर आएको मूल्य तुरुन्तै बढाउने, तर घटेर आएको मूल्य नघटाउनु उपभोक्तामाथि अन्याय हो,' उनले भने।

०८३ मंसिरलाई 'डेडलाइन' मानेर महाधिवेशनको मिति तोक्न दबाब

आगामी मंसिरभित्र १५औँ महाधिवेशन हुन नसक्ने हो भने कांग्रेस पदाधिकारीले कारण र औचित्य पुष्टि गर्नुपर्ने



● **डा.शेखर कोइराला**
केन्द्रीय सदस्य

हामी अहिले महाधिवेशनको वर्षमा छौं। ०८२ को मंसिर महिनामै १५औँ महाधिवेशन गर्नुपर्छ भन्ने कुरामा म अहिले पनि दृढ छु। यदि हुन सक्दैन भने के कारणले र किन हुन सक्दैन सभापतिज्यू र पदाधिकारीले चित्तबुझ्दो जवाफ दिनुपऱ्यो। पदाधिकारी साथीहरू त महाधिवेशनका लागि जोडतोडले घुमिरहेको देखिन्छ।



● **मीन विश्वकर्मा,**
प्रचार विभाग प्रमुख, कांग्रेस

अबको मंसिरभित्र सम्भव नभए पनि ०८३ मंसिर अन्तिम समयसीमा भएकाले महाधिवेशन कसैले टारेर पनि टार्न सक्दैन। 'शेखर दाइले अलिक भावुक भएर पनि नेतृत्वलाई लक्षित गरेर पनि प्रश्नहरू उठाएर जवाफ माग्नुभएको छ, तर ०८३ मंसिरउता महाधिवेशन टर्दैन, त्यसअगावै हुन्छ।



● **जिपछिरिङ लामा**, केन्द्रीय सदस्य

क्रियाशील सदस्यता टुंगो लगाउने काममा ढिलाइ भएका कारण अब आउने मंसिरभित्र व्यावहारिक हिसाबले पनि महाधिवेशन आयोजना सम्भव छैन, तर अहिल्यै ०८३ मंसिरभित्र महाधिवेशन आयोजना गर्ने गरी यही बैठकबाट मितिको निर्णय गरौं।

नयाँ पत्रिका

कांग्रेस केन्द्रीय सदस्यहरूले ०८३ मंसिरअगावै आयोजना गर्ने गरी महाधिवेशनको मिति तोकिएको कार्यतालिका बनाउन दबाब दिएका छन्। केन्द्रीय समितिको मंगलबारको बैठकमा बोल्ने अधिकांश केन्द्रीय सदस्यले महाधिवेशनको स्पष्ट कार्यतालिकासहित मिति तोक्नुपर्ने भन्दै नेतृत्वमाथि दबाब बढाएका हुन्।

संस्थापनइतरका नेता डा. शेखर कोइरालाले आगामी मंसिरभित्र महाधिवेशन आयोजना गर्न सभापति शेरबहादुर देउवाले आलटाल गरेको आशंका गर्दै हुन नसक्ने हो भने पदाधिकारीले कारण र औचित्य पुष्टि गर्न बैठकको पहिलो दिनमै जवाफ माग गरेका थिए। तर, मंगलबार बोल्ने अधिकांश केन्द्रीय सदस्यले भने आगामी मंसिरभित्र क्रियाशील सदस्यताको अन्तिम टुंगो नै नलागेकाले व्यावहारिक हिसाबले असम्भव देखिए पनि अहिल्यै मिति तोकेर जान उपयुक्त हुने धारणा राखेका थिए।

'क्रियाशील सदस्यता टुंगो लगाउने काममा ढिलाइ भएका कारण अब आउने मंसिरभित्र व्यावहारिक हिसाबले पनि महाधिवेशन आयोजना सम्भव छैन, तर अहिल्यै ०८३ मंसिरभित्र महाधिवेशन आयोजना गर्ने गरी यही बैठकबाट मितिको निर्णय गरौं,' केन्द्रीय सदस्य जिपछिरिङ लामाले बैठकमा भने, 'एक वर्ष थप्न पाइने विधानकै व्यवस्था छ, थप्न सकिन्छ, तर यहीबिचमा पुराना सदस्यता नवीकरणको काम टुंगो लगाएर महाधिवेशनको तयारी गरौं।'

बैठकमा केन्द्रीय सदस्य डा. डिला संग्रौला र मीन विश्वकर्माले पनि ०८३ मंसिरभित्र आयोजना हुने गरी केन्द्रीय समिति बैठकले साझा धारणा बनाएर जानुपर्ने विचार राखेका थिए। संग्रौलाले महाधिवेशनको स्पष्ट कार्यतालिकासहित



मिति तोक्नुपर्ने विचार राखिन्। प्रचार विभाग प्रमुखसमेत रहेका विश्वकर्माले अबको मंसिरभित्र सम्भव नभए पनि ०८३ मंसिर अन्तिम समयसीमा भएकाले महाधिवेशन कसैले टारेर पनि टार्न नसक्ने बताए। 'शेखर दाइले अलिक भावुक भएर पनि नेतृत्वलाई लक्षित गरेर पनि प्रश्नहरू उठाएर जवाफ माग्नुभएको छ, तर ०८३ मंसिरउता महाधिवेशन टर्दैन, त्यसअगावै हुन्छ,' उनले भने।

कोइरालाले ०८२ मंसिरमै महाधिवेशन हुनुपर्ने धारणा राखेका थिए। 'हामी अहिले महाधिवेशनको वर्षमा छौं। ०८२ को मंसिर महिनामै १५औँ महाधिवेशन गर्नुपर्छ भन्ने कुरामा म अहिले पनि दृढ छु। यदि हुन सक्दैन भने के कारणले र किन हुन सक्दैन सभापतिज्यू र पदाधिकारीले चित्तबुझ्दो जवाफ दिनुपऱ्यो। पदाधिकारी साथीहरू त महाधिवेशनका लागि जोडतोडले घुमिरहेको देखिन्छ,' कोइरालाले सोमबार सभापति देउवासँग जवाफ माग्दै प्रश्न गरेका थिए।

नेता कोइरालाले आफूले १४औँ महाधिवेशनमा पराजित भएलगत्तै भागबन्डाको राजनीति गर्दिनँ भनेर अडिए पनि त्यही सहनशीलता र भद्रतालाई कमजोरी ठानिएको बैठकमा सुनाएका थिए। 'मैले आज बाध्य भएर भनिरहेको छु। पार्टीमा एकता होस्, गुटबन्दी र भागबन्डाले कांग्रेस कमजोर नबनोस् भनेर १४औँ महाधिवेशनमा पराजित भएलगत्तै म भागबन्डाको राजनीति गर्दिनँ भनेर भनेको थिएँ। सभापति एवं पदाधिकारीहरूले पार्टीका आन्तरिक कुरामा गरेको निर्णयमा कहिल्यै पनि मैले फरक मत राखिनँ। मेरो त्यही सहनशीलता र भद्रतालाई कमजोरी ठानियो,' उनको भनाइ थियो। उनले तरुण दल, नेविसंघ, महिला संघजस्ता भ्रातृ संगठनमा महाधिवेशन गराउन ढिलाइ भएको भन्दै कोइरालाले ध्यानाकर्षण गराए।

बैठकमा गृहमन्त्रीसमेत रहेका रमेश लेखकले एमालेसँगको अहिलेको गठबन्धन तोड्ने कुरा कांग्रेसको हितविपरीत हुने धारणा राखे। सरकारले प्रभावकारी ढंगले काम गर्न नसकेको भन्दै कतिपय केन्द्रीय सदस्यले असन्तुष्टि पोखेपछि जवाफ दिँदै लेखकले अहिलेको गठबन्धनको विकल्प खोज्नु उपयुक्त नहुने धारणा राखेका थिए। 'गठबन्धनलाई राम्रोसँग हिँडाएर कांग्रेसको हितमा जान सक्ने किसिमले काम गरिरहेका छौं। अरू राजनीतिक दलहरूलाई पनि समेटेर अहिलेको सरकारलाई निरन्तरता दिन उपयुक्त हुन्छ,' गृहमन्त्री लेखकले भने, 'अहिले अर्को विकल्पमा कुरा गर्न थाल्यौं भने गन्तव्यमा पुग्दैनौं। कांग्रेसलाई ठिक हुँदैन।'

प्रचार विभाग प्रमुख मिन विश्वकर्माले सरकारको कामबारे असन्तुष्टि व्यक्त भए पनि आलोपालोबाटै केही समयभित्र कांग्रेसले नेतृत्व पाउन लागेका बेला अर्कैतिर गठबन्धन गर्ने दिशामा लाग्नु मुलुक र कांग्रेस दुवैका लागि घातक हुने विचार धेरैले प्रकट गरेको जानकारी दिए। 'सांसदहरूले पनि सरकारविरुद्ध जथाभावी बोल्ने काम बन्द गर्नुपर्छ, संसदीय दलको ह्विप र नीतिबाहिर गएर बोल्न पाइँदैन, अबदेखि लगाम लगाउनुपर्छ भन्ने धेरैको धारणा आएको छ,' उनले भने, 'कांग्रेसले पहिला आफूलाई सुधार गरे मात्र सरकारले पनि ठिक ढंगले काम गर्न सक्छ भन्ने नै बैठकको साझा निष्कर्ष हो,' उनले भने।

मंगलबारको बैठकमा लामा, विश्वकर्मा, संग्रौलासहित रमेश रिजाल, उमा रेग्मी, अर्जुनप्रसाद जोशी, देवेन्द्रराज कँडेल, रमेश लेखक, किरण यादव, लक्ष्मी परियार, कृष्णकिशोर घिमिरे, टेकप्रसाद गुरुङ, चन्द्रबहादुर केसी, मानबहादुर नेपालीले धारणा राखेका थिए। त्यस्तै, उदयशमशेर राणा, दिलमान पाख्रिन, रामहरि खतिवडा, विनोद चौधरी, गुरु बराल, उर्मिला नेपाल केसी, सीताकुमारी राना, राधा घले, सीतादेवी देवकोटा, शारदा पौडेल र आमन्त्रित सदस्य पुष्पराज पराजुलीले पनि धारणा राखेको मुख्यसचिव कृष्णप्रसाद पौडेलले बताए। अधिकांश केन्द्रीय सदस्यले नेविसंघ, तरुण दलसहित भ्रातृ संगठनहरूको महाधिवेशन तोकिएकै मितिभित्र सम्पन्न गर्नुपर्ने धारणा राखेका छन्। विघटन गरेर तदर्थ समिति बनाउनुको सट्टा महाधिवेशन गर्न नदिइनु गल्ती भएको कतिपयको धारणा थियो।

■ शेखरको आरोपमा चौधरीको प्रतिवाद

सांसद विनोद चौधरीले केन्द्रीय सदस्य बन्ने आफ्नो योग्यताबारे डा. शेखर कोइरालाले सोमबार उठाएको प्रश्नको प्रतिवाद गरे। 'कांग्रेसमा निजी क्षेत्रका हामीजस्ता मान्छेको भूमिका के हो ? सम्पन्न नेपाल बनाउने एजेन्डा दुनियाँका अगाडि पस्किने क्रममा यस्ता व्यक्तिहरूलाई भित्र्याउने हो कि रोक्ने हो ? गुटको राजनीतिका नाममा हामीजस्ता मान्छेलाई छेक्ने, हृदयेश त्रिपाठीका लागि बुथबुथमा मान्छे राखेर कांग्रेसका शीर्ष नेतालाई तथानाम गाली गरेर हराउन हप्रकारको तिकडम गर्ने लुम्बिनीका महामन्त्री विक्रम खनालजस्तालाई बोक्ने नेताले भोलिको कांग्रेसको नेतृत्व कसरी गर्छ ?' शेखरलाई लक्षित गर्दै चौधरीले भने।

संवैधानिक नियुक्तिसम्बन्धी मुद्दाको फैसला आज



शिल्पा कर्ण/नयाँ पत्रिका

साढे चार वर्षअघि संवैधानिक परिषद् ऐन अध्यादेशमार्फत संशोधन गरी संवैधानिक नियुक्ति गरिएको विषयमा सर्वोच्च अदालतले बुधबार फैसला गर्ने भएको छ। यसअघि संवैधानिक इजलासबाट २८ जेठमा निर्णय सुनाउने मिति तोकिएर पनि १८ असारका लागि सारिको थियो।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतको नेतृत्वमा रहेको संवैधानिक इजलासले संवैधानिक नियुक्तिसम्बन्धी मुद्दामा फैसला सुनाउनेछ। न्यायाधीशहरू सपना प्रधान मल्ल, मनोजकुमार शर्मा, कुमार चुडाल र नहकुल सुवेदी सम्मिलित इजलासले यो मुद्दामा सुनुवाइ गरिरहेको थियो। गत १ जेठमा अन्तिमपटक सुनुवाइ गरेर निर्णय सुनाउने मितिसमेत तोकिएको थियो। तर, २८ जेठमा पुनः समय लाग्ने भन्दै मिति सारिएको हो।

साढे चार वर्षअघि तत्कालीन सरकारले विभिन्न ५८ पदमा नियुक्ति सिफारिस गरेको थियो। यसको भोलिपल्टै अध्यादेशका साथसाथै नियुक्तिको वैधता परीक्षणका लागि सर्वोच्चमा रिट दर्ता भएका थिए। यसै विषयमा सर्वोच्चले फैसला गर्न लागेको हो। यस विषयमा एक दर्जनभन्दा बढी रिट विचाराधीन छन्। सर्वोच्च अदालतले लगाउमा रहेका १५ वटै मुद्दामा गत ३० माघ, २१ फागुन र ६ चैतमा सुनुवाइ गरेको थियो। त्यसपछि ३, ७, ८, ९, १०, २८ र ३० वैशाखमा हेर्दाहेर्दैमा राखी सुनुवाइ सकेको थियो।

सर्वोच्च अदालत नियमावलीको नियम ९० मा निर्णय सुनाउने मिति तोक्ने व्यवस्था छ। कुनै मुद्दामा जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएमा, मुद्दामा थप अध्ययन गर्नुपर्ने वा न्यायाधीशबिच छलफल गर्नुपर्ने आवश्यकता भएमा सम्बन्धित इजलासले बढीमा एक महिनासम्मको समय तोक्न सक्ने व्यवस्था नियमावलीमा छ। यसको उपनियम (३) मा विशेष कारण र परिस्थिति उत्पन्न भएमा तोकिएको मितिमा निर्णय सुनाउन नसकिने अवस्था परे यसको कारण खुलाई निर्णय सुनाउने अर्को मिति तोक्न सक्ने उल्लेख गरेको छ।

नियुक्तिको वैधता परीक्षणका विषयमा अधिवक्ता ओमप्रकाश अर्याल, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीलगायतले साढे चार वर्षअघि नै रिट दायर गराएका थिए। संवैधानिक परिषद् अध्यादेश, यसअनुसार भएका नियुक्तिको वैधताजस्ता विषयमा कानुनी तथा संवैधानिक प्रश्न समावेश रहेको निवेदनमा थियो। १ पुस ०७७ देखि १० साउन ०७९ सम्म यी रिट दर्ता भएको सर्वोच्चको अभिलेख छ।

संवैधानिक परिषद्सम्बन्धी अध्यादेशमा रहेको गणपूरक संख्याको व्यवस्था संशोधन गरी दुईपटक तत्कालीन सरकारले विभिन्न संवैधानिक पदमा ५८ नियुक्ति सिफारिस गरेको थियो। जसमध्ये पाँचजनाले नियुक्ति बुझेका थिएनन् भने ५२ जनाले नियुक्ति बुझेका थिए। यसमध्ये केही हालसम्म पनि कार्यरत

विशेष बारले तीन वरिष्ठ अधिवक्तालाई एमिकस क्युरीका रूपमा पठाउने



काठमाडौं/ विशेष अदालतले अदालतको सहयोगी (एमिकस क्युरी)का रूपमा तीनजनाको नाम छनोट गरेको छ। दृष्टि साप्ताहिकमाथि अदालतको अवहेलना मुद्दा दायर भएकोमा उनीहरूले एमिकस क्युरीका रूपमा बहस गर्नेछन्। विशेष अदालतले गत बिहीबार तीनजना एमिकस क्युरी झिकाउने आदेश गरेको थियो। यसैअनुसार तीनजना वरिष्ठ अधिवक्ता छनोट गरेको विशेष बारका अध्यक्ष टीकाबहादुर कुँवरले जानकारी दिए। उनका अनुसार वरिष्ठ अधिवक्ताहरू पूर्णमान शाक्य, रविनारायण खनाल र भीमार्जुन आचार्यलाई छनोट गर्ने निर्णय भएको हो।

गत बिहीबार अवहेलना मुद्दाका विपक्षीहरू उपस्थित भएपछि उनीहरूको बयान लिँदै धरौटी मागको साथसाथै एमिकस क्युरी पठाइदिन बारलाई विशेषले आदेश दिएको थियो। गत मंगलबार दर्ता भएको मुद्दामा आदेश गर्दै विशेषका अध्यक्ष टेकनारायण कुँवर तथा पाँचैजना सदस्यहरूको इजलासले यो मुद्दामा सुनुवाइ गरिरहेको छ। यो मुद्दामा दृष्टि साप्ताहिकका शम्भुलाल श्रेष्ठ र दृष्टिन्युजका कार्यकारी सम्पादक एमपी सुब्बा भनिने मानप्रसाद लिम्बू प्रतिवादी बनाइएका छन्। अध्यक्ष कुँवर तथा सदस्यहरू तेजनारायणसिंह राई, रामबहादुर थापा, मुरारीबाबु श्रेष्ठ, रितेन्द्र थापा र विदुर कोइरालाको इजलासबाट यस्तो आदेश भएको थियो। आदेशमा बकपत्र सम्पन्न भएपछि अन्तिम सुनुवाइको पेसीका दिन तीनजना कानुन व्यवसायी तोकी पठाइदिन आदेश भएको थियो। दृष्टिन्युज अनलाइनमा विशेषका कामकारबाही र मुद्दाका विषय तथा फैसलाबारे कपोकल्पित र भ्रामक समाचार प्रकाशन भएको भन्दै कर्मचारीले नै प्रतिवेदन बुझाएपछि अवहेलनाको कारबाही सुरु भएको थियो। विशेषका कर्मचारीहरू नवराज सापकोटा, सागर भण्डारी, यज्ञराज रेग्मी, प्रमिला काफ्ले र गरिशा भट्टराईको प्रतिवेदनका आधारमा मुद्दा चलेको हो।

नै छन्। नियुक्त भएकाहरूको कार्यकाल ६ वर्षको रहने गरेकोमा पाँचौं वर्षमा बल्ल यो मुद्दामा निर्णय आउन लागेको हो। तत्कालीन प्रधानमन्त्री केपी ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले ती अध्यादेश जारी गरेकी थिइन्। ३० मंसिर ०७७ मा अध्यादेश ल्याई ३८ जनाको नाम सिफारिस गरिएको थियो। २१ वैशाख ०७८ मा पनि यस्तै अध्यादेश ल्याइयो र विभिन्न पदमा २० जनाको नाम सिफारिस गरिएको थियो। दुवैपटकका नियुक्तिविरुद्ध परेका रिटहरूमा एकैपटक फैसला आउने भएको हो।

तत्कालीन प्रधानमन्त्री केपी ओली, राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना र प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा सम्मिलित बैठकले यी सिफारिस गरेका थिए। प्रमुख प्रतिपक्षी दलका नेता शेरबहादुर देउवा तथा सभामुख अग्निप्रसाद सापकोटा अनुपस्थित थिए भने उपसभामुखको पद रिक्त थियो।

संक्षेप

कर छलीको आरोपमा व्यापारी बियानी जेल चलान



विराटनगर/ एक अर्ब ३१ करोड ६४ लाख रुपैयाँभन्दा बढी मूल्य अभिवृद्धि कर (भ्याट) छलीको आरोपमा पहिलोपटक विराटनगरका एक व्यापारी जेल चलान भएका छन्। राजस्व छली गरेको आरोपमा दायर मुद्दामा विराटनगरको 'न्यु सौरभ ट्रेडिङ र बियानी एन्ड ब्रदर्स हार्डवेयर एन्ड मार्बल'का प्रोप्राइटर सौरभकुमार बियानीलाई आन्तरिक राजस्व कार्यालय विराटनगरले पुर्पक्षका लागि कारागार पठाएको हो। विराटनगर महानगरपालिका- ७ हाटखोलामामा कारोबार गर्दै आएका बियानीले विराटनगर- ३ मा हार्डवेयर पसल सञ्चालन गर्दै आएका छन्। उनले बक्यौता रकम बुझाउन अटेर गरेपछि आन्तरिक राजस्व कार्यालयले १६ असारमा पुर्पक्षका लागि जेल पठाएको हो। व्यापारी बियानीलाई अदालतले १६ असारमा थुनुवा पुर्जी जारी गरेको कर अधिकृत भवानीप्रसाद दाहालले बताए। आन्तरिक राजस्व कार्यालय मोरङका अनुसार व्यापारी बियानीले वर्षौंदेखि बक्यौता रहेको कुल एक अर्ब ३१ करोड ६४ लाख ९८ हजार ५८४ रुपैयाँबराबरको राजस्व छली गरेका छन्। पटक-पटक ताकेता गरे पनि कर तिर्न चासो देखाएनन्। यसैले राजस्व छलीको रौटी नगद वा जेथा जमानी बुझाउन नसकेपछि कार्यालयले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २३ (घ) बमोजिम अर्को आदेश नभएसम्मका लागि बियानीलाई थुनामा राख्न कारागार कार्यालय, मोरङलाई पत्राचार गरेको हो,' आराका मोरङका कर अधिकृत भवानीप्रसादले भने।

पार्टी नीति र नेतृत्वविरुद्धको प्रहार परास्त गर्ने अखिलको निर्णय

काठमाडौं/ एमालेसम्बद्ध विद्यार्थी संगठन अनेरास्वियुले पार्टीको नीति र नेतृत्वविरुद्धको प्रहारलाई परास्त गर्ने निर्णय गरेको छ। धुलिखेलमा मंगलबार सम्पन्न सचिवालय बैठकले त्यस्तो निर्णय गरेको हो। पार्टीभित्र पूर्वराष्ट्रपति विद्या भण्डारीको नेतृत्वमा संस्थापनलाई चुनौती दिँदै अलग टिम निर्माणको दिशामा तीव्र गतिमा ध्रुवीकरण अगाडि बढिरहेकै वेला अनेरास्वियुको पछिल्लो निर्णय आएको हो। जेठमा सम्पन्न अनेरास्वियुको महाधिवेशनबाट अध्यक्षमा डा. सुजन कडरिया निर्वाचित भएका थिए। उनीसँगको कडा प्रतिस्पर्धामा सात मतले पराजित प्रकाश पौडेलसहितको अर्को ठूलो समूह पार्टीको भावी महाधिवेशनबाट भण्डारीलाई नेतृत्वमा ल्याउने अभियानमा संलग्न छ। बैठकले अध्यक्ष केपी ओलीले अघि सारेको 'समृद्ध नेपाल सुखी नेपाली'को अभियान आकांक्षा पूरा गर्ने निर्णय पनि गरेको छ। शैक्षिक संस्था र क्याम्पसहरूमा हुने तोडफोड अन्त्य गर्ने निर्णय पनि अखिलले गरेको छ।

८० वर्षीया वृद्धा घरभित्रै मृत फेला

धनगढी/ कैलालीको जानकी गाउँपालिका-९, अमरावतीमा ८० वर्षीया एक महिला आफ्नै घरभित्र मृत फेला परेकी छन्। स्थानीय मातादेवी शाहीको शव उनको घरको कोठामा फेला परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। मृतकको छातीमा धारिलो हतियार प्रहार गरेको चोट रहेकाले जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजकुमार सिंहले जानकारी दिए। घाँटीमा पनि चोट रहेको प्रहरीले जनाएको छ। शरीरको चोट हेर्दा उनको हत्या भएको देखिएको सिंहले बताए। हत्या भएको निष्कर्षसहित प्रहरीले अनुसन्धान सुरु गरेको छ। अनुसन्धानका लागि घटनास्थलमा तालिमप्राप्त कुकुरसमेत परिचालन गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। शव परीक्षणका लागि टीकापुर अस्पतालमा राखिएको छ। शाही घरमा एक्लै बस्दै आएको बुझिएको छ। प्रहरीका अनुसार उनका एक छोरा टीकापुर र अर्का छोरा काठमाडौं बस्ने गरेका थिए।

मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा
कोशी प्रदेश, नेपाल

शिलबन्दी दरभाउ आवहानको सूचना

तेस्रो पटक प्रकाशित मिति :२०८२/०३/१७

मेचीनगर नगरपालिकाको कार्यालयबाट तपसिल बमोजिमको लागि तेस्रो पटक मिति २०८२/०३/१७ गते **https://www.bolpatra.gov.np/egp** मा ई-बिड मार्फत सूचना आवहान भएको हुदा आवश्यक कागजपत्रहरु संलग्न राखी रु १००० (एक हजार मात्र) पछि फिर्ता नहुने गरि श्री नेपाल बैंक लिमिटेड काकरभिट्टा शाखामा रहेको यस कार्यालयको नाममा रहेको अन्तरिक राजस्व खाता न १०६०३०००००१००१०००००१ मा नगद जम्मा गरि ई-बिड को माध्यमबाट मात्र बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ थप सूचना **https://www.bolpatra.gov.np/egp** बाट हेर्न सकिनेछ।

तपसिल :

क्र. स.	शिलबन्दी दरभाउपत्र प्रकाशित मिति	शिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति	ठेक्का न	योजनाको नाम	लागत अनुमान (मु.अ.कर समेत)	खरिद को किसिम	बिड सेक्युरिटि रु
१.	२०८२/०३/१७	२०८२/०३/२४	77/HumepipeGabion CementBora/SQ/ Mechi/2081/082	Procurement for Supply of Humepipe, Gabion Box,Cement bora at Mechinagar Municipality,Jhapa	१५,७०,८२४.३०	Goods SQ	४०,०००.००

अनन्त प्रकाश वस्ती
प्रमुख, प्रशासन योजना तथा अनुगमन शाखा

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/०३/१८ गते

यस माछापुच्छे बैंक लि. को विभिन्न शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको बिनाधितोमा प्रवाहित विभिन्न कर्जाहरुको समय समयमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत कर्जाको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज आदि) नबुझाएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, बैंकको नियम, प्रचलित कानून तथा ऋणी र बैंक बीच भएको लिखतको शर्त अनुसार ऋणी तथा जमानीकर्ताहरुको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने र बैंकको सम्पूर्ण लेना रकम असुलीको लागि अन्य कानुनी कारवाहीहरुको प्रक्रया थालनी गरिने व्यहोरा समेत जानकारी गराउँदछौं।

तपसिल

क्र.स.	ऋणी तथा जमानीकर्ताको नाम	बाबु/पतिको नाम	बाजे/ससुराको नाम	नागरिकता नं.	नागरिकता जारी मिति	नागरिकता जारी जिल्ला	ठेगाना	शाखा कार्यालय	कर्जा शीर्षक
१.	**ऋणी :** प्रिया कश्यप	पति : कृष्णा कश्यप (कहार)	ससुरा : मगरे कहार	६६३०३१/२०४	२०७०/०२/०३	बाँके	जैसपुर गा.वि.स. वडा नं. ९, बाँके	नेपालगंज	महिला उद्यमी सहुलियतपूर्ण कर्जा
	जमानीकर्ता : कृष्णा कश्यप (कहार)	बाबु : मगरे कहार	बाजे : आवध कहार	१३८६२	२०५९/१२/१९	बाँके	जैसपुर गा.वि.स. वडा नं. ९, बाँके		
२.	**ऋणी :** रिमा राना	पति : महेश थापा	ससुरा : तेज बहादुर थापा	६६३००६/४५४	२०७०/०१/३०	बाँके	फत्तेपुर गा.वि.स. वडा नं. ८, बाँके	नेपालगंज	महिला उद्यमी सहुलियतपूर्ण कर्जा
	जमानीकर्ता : महेश थापा	बाबु : तेज बहादुर थापा	बाजे : गगुले थापा	१३७३०	२०६१/०४/२५	बाँके	फत्तेपुर गा.वि.स. वडा नं. ८, बाँके		
३.	**ऋणी :** मिना भण्डारी	पति : बिरेन्द्र भण्डारी	ससुरा : नरेन्द्र भण्डारी	५५-०१-७६-०५३८८	२०७६/१२/०२	सल्यान	त्रिवेणी गा.पा. वडा नं. ४, फालावाङ्ग, सल्यान	सल्यान	महिला उद्यमी सहुलियतपूर्ण कर्जा
	जमानीकर्ता : बिरेन्द्र भण्डारी	बाबु : नरेन्द्र बहादुर भण्डारी	बाजे : ज्योति प्रकाश भण्डारी	५५०१४०/२५२८०	२०६९/०५/२५	सल्यान	त्रिवेणी गा.पा. वडा नं. ४, फालावाङ्ग, सल्यान		
४.	**ऋणी :** प्रेम बहादुर थापा	बाबु : लिल बहादुर थापा	बाजे : राम बहादुर थापा	४१२०६	२०४१/०८/१५	नवलपरासी	रामग्राम गा.वि.स. वडा नं. ६, नवलपरासी	लाजिम्पाट	एम.बि.एल. सरल कर्जा
	जमानीकर्ता : उषा थापा	बाबु : दिल बहादुर पछाई	बाजे : पतिराम पछाई	५०१००१/२०८७०१	२०६५/०२/२२	बाग्लुङ	रामग्राम गा.वि.स. वडा नं. ६, नवलपरासी		

माछापुच्छे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित

नेपालको परराष्ट्रनीति : उत्तर हेर्ने कि दक्षिण ?

नेपालले लामो समयदेखि अवलम्बन गरेको तटस्थता र असंलग्नताको परराष्ट्र नीतिमाथि पुनर्विचार गर्नुपर्छ



● रौनक मैनाली

अग्रलेख

लामो समयदेखि नेपालको परराष्ट्र नीति चीन र भारतबिचको सम्बन्धलाई सन्तुलनमा राख्ने विचारबाट अभिप्रेरित छ। पृथ्वीनारायण शाहले आफ्नो विजयपश्चात् नेपालको भूराजनीतिक वास्तविकतालाई मध्यनजर गर्दै यी दुई राष्ट्रबिच समदूरी कायम राख्नुपर्ने अवधारणा व्यक्त गरेका थिए। 'नेपाल दुई ढुंगाबिचको तरुल हो' भन्ने उनको आदर्श उक्तिबाटै नेपालको हालसम्मको परराष्ट्र नीति निर्देशित रहेको पाइन्छ। राणा शासकले ब्रिटिस-भारतसँगको घनिष्ठता रुचाएको भए पनि सन् १९५० को दशकको लोकतान्त्रिक सरकार र विशेषगरी राजा महेन्द्रले १९६० को दशकमा उत्तरलाई बेवास्ता गर्न नहुने दृष्टिकोण अपनाएसँगै असंलग्नताको अवधारणाले ठोस आकार लिएको देखिन्छ।

परराष्ट्र मामिलामा प्रत्यक्ष प्रभाव पार्ने अन्तर्राष्ट्रिय राजनीतिमा भएका महत्त्वपूर्ण परिवर्तनको आलोचनात्मक चिन्तन वा व्यावहारिक रूपमा मनन गर्ने कार्य नेपालमा भएको छैन। यस्ता पक्षलाई विचार नै नगरी नेपालको विदेश नीतिका विद्वान्हरू र विभिन्न सरकारले असंलग्नता र तटस्थताको नीतिलाई निरन्तरता दिँदै आएका छन्। यद्यपि, नेपालका परराष्ट्रविद्बाट दुई महत्त्वपूर्ण प्रश्नको उत्तरको अपेक्षा गर्नु सान्दर्भिक हुने देखिन्छ। पहिलो, के नेपालको ऐतिहासिक र समकालीन विदेश नीतिलाई वास्तवमै तटस्थ र असंलग्नताका रूपमा लिन सकिन्छ ? र, दोसो, के असंलग्नता र तटस्थता नेपालका लागि उपयुक्त परराष्ट्र नीति हो ? यी अनुत्तरित प्रश्नकै सांगोपांगोमा यो आलेख केन्द्रित रहेको छ।


संवैधानिक रूपमै स्वीकार गरी लामो समयदेखि अवलम्बन गरिएको असंलग्न परराष्ट्र नीतिका विषयमा विश्लेषण गर्ने अध्ययन नेपालमा शून्यप्रायः देखिन्छन्। गौरव भट्टराईको 'नेपाल चीन र भारतको बिचमा रहेकाले तटस्थ हुन कठिनाइ' (नेपाल बिटविन चाइना एन्ड इन्डिया : डिफिकल्टी अफ बिइड न्युट्रल) शीर्षकको पुस्तक केही अपवादमध्येको एक हो। यसले नेपालले निर्विकल्प रूपमा अवलम्बन गर्दै आएको विदेश नीतिको आलोचनात्मक विश्लेषण गर्दै यसको आधारभूत अवधारणालाई चुनौती दिएको छ। अर्को शब्दमा नेपालले अवलम्बन गरेको भनिएको पराराष्ट्र नीतिलाई तटस्थ र असंलग्नका रूपमा बुझ्न कति उपयुक्त हुन्छ भन्ने विषयमा उनले गम्भीर रूपमा प्रश्न उठाएका छन्।

नेपालको विगतलाई हेर्दा असंलग्नताको मर्मलाई प्रहार गर्ने कतिपय दृष्टान्त भेटिन्छन्। नेपालीले भारतीय सेनामा भर्ती भएर चीनविरुद्ध युद्ध गरेको इतिहास हाम्रासामु छ। यस्तो अवस्थाले निश्चित रूपमा तटस्थताको अवधारणालाई कमजोर पारेको देखिन्छ। भारत र चीनको सम्बन्धमा तटस्थ विदेश नीतिको प्रयोक्ताका रूपमा प्रशंसा गरिएका राजा महेन्द्रकै नेतृत्व कालमा पनि नेपाली गोर्खाले युद्धमा भाग लिएका थिए। सन् १९६२ को चीन-भारत युद्धलाई यसको उदाहरणका रूपमा लिन सकिन्छ। यसले असंलग्नताको आधारभूत मान्यतालाई थप पेचिलो बनाउँछ। यहाँनेर भारत र चीन दुवैसँग नेपालको संलग्नता असंलग्नताको रणनीति हो वा यसलाई दोहोरो वा बहुल संलग्नता (मल्टी-एलाइनमेन्ट) बाट लाभ लिने रणनीतिका रूपमा अर्थ्याउनु बढी उपयुक्त हुने हो भन्ने प्रश्न उठ्नु स्वाभाविक छ।

नेपालका परराष्ट्रविद्ले असंलग्नतालाई छिमेकीसँगका सबै सम्बन्धलाई त्याग गर्ने एक निष्क्रिय उपक्रमका रूपमा बुझ्ने गरेको भान हुन्छ। यस्तो बुझाइ उपयुक्त होइन। अर्को शब्दमा असंलग्नता छिमेकीसँगको नितान्त अलगाव (नन् एलाइनमेन्ट) वा विच्छेदको अवस्था हुन सक्दैन। यसको विपरीत बहुआबद्धता (मल्टी-एलाइनमेन्ट) भने एक अधिक क्रियाशील उपक्रम हो, जुन विदेशी राष्ट्रसँगको विभेदरहित सम्बन्धद्वारा निर्दिष्ट हुने गर्छ।

परराष्ट्र मामिलालाई व्यावहारिक दृष्टिकोणबाट पनि हेर्नु नितान्त आवश्यक छ। किनभने, अन्तर्राष्ट्रिय र क्षेत्रीय राजनीतिको गतिशीलताका कारण वर्तमान अवस्था ६० वर्षअघि राजा महेन्द्रले असंलग्नताको रणनीति अपनाउँदाको जस्तो छैन। अझ यो २५० वर्षअघि पृथ्वीनारायण शाहले विकास गरेको अवधारणालाई पृष्ठपोषण गर्ने अवस्थाभन्दा निश्चित रूपमा फरक छ। यी यावत् यथार्थताका बाबजुद हामीले अझै पनि असंलग्नताको रणनीतिलाई अकण्टक रूपमा कायमै राखिरहेका छौं भन्ने गरिएको छ।

चीन अब संयुक्त राज्य अमेरिकाकै स्तरमा शक्ति प्रक्षेपण गर्न सक्षम राष्ट्रका रूपमा अगाडि आएको छ। चीनको जत्तिकै भौतिक क्षमता नभए पनि ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्बन्धका कारण दक्षिण एसियामा भारत प्रभावशाली राष्ट्रका रूपमा उभिएको छ। यो अवस्थाले दुई मुलुकबिच रणनीतिक प्रतिद्वन्द्विता पनि निम्त्याएको छ। चीनले यस क्षेत्रमा भारतको प्रभुत्ववादी उद्देश्यलाई



भारत र चीन दुवैसँग नेपालको संलग्नता असंलग्नताको रणनीति हो वा यसलाई दोहोरो वा बहुल संलग्नताबाट लाभ लिने रणनीतिका रूपमा बुझ्नुपर्ने हो ?

वेलावेलामा चुनौती दिइरहेको पाइन्छ। दुई वा सोभन्दा बढी शक्तिराष्ट्र एक-आपसमा द्वन्द्वमा रहेका अवस्थामा त्यहाँका कम शक्तिशाली राष्ट्र 'हेजिङ'को रणनीति अपनाउनतिर उन्मुख हुने गर्छन्। यद्यपि अन्तर्राष्ट्रिय सम्बन्धका विद्वान्ले यसका पनि कमजोरी औंल्याएका छन्। क्षेत्रीय शक्ति एक-अर्काप्रति शत्रुतापूर्ण व्यवहार गर्छन् भने त्यहाँ अन्य साना राष्ट्रले अपानाउने सन्तुलित दृष्टिकोण उपयुक्त हुँदैन भन्ने उनीहरूको तर्क रहेको छ। यसका लागि त्यहाँ सामूहिक सुरक्षा संरचनाको व्यवस्था भएको हुनुपर्छ। क्षेत्रीय शक्तिका लागि साना देशको गठबन्धनले खासै महत्त्व राख्दैन, किनभने अमुक साना राष्ट्र वा तिनका प्रतिद्वन्द्वीले शक्तिराष्ट्रलाई प्रभाव वा दबाबमा पार्न सक्दैनन्।

क्षेत्रीय शक्तिले साना राष्ट्रलाई आफ्नो प्रभावमा पार्न कडा व्यवहार गर्छन्। सन् २०१० को दशकको सुरुमा पूर्वयुक्रेनी राष्ट्रपति भिक्टर यानुकोभिचले इयू/नाटो र रुसबिचको मध्यस्थको भूमिका खेल्न गरेका प्रयासलाई यसको एउटा उदाहरणका रूपमा लिन सकिन्छ। 'युक्रेन एक तटस्थ राज्य हुनुपर्छ, जुन युरोपेली संघ, नाटो र रुस समाहित सामूहिक रक्षा प्रणालीको हिस्सा हुनुपर्छ' भन्ने उनको भनाइले यो मनोवृत्तिलाई चित्रण गर्छ। रुसले २०१४ मा युक्रेनी प्रायद्वीप क्रिमियालाई आफ्नो आबद्धता सुनिश्चित गर्ने माध्यमकै रूपमा गाभेको भन्ने परराष्ट्र मामिलाका पर्यवेक्षकको भनाइ रहेको छ।

चीन-भारत र चीन-अमेरिका प्रतिद्वन्द्विताले पहिले नै राष्ट्रको सार्वभौमसत्तालाई कमजोर बनाएको वेलामा असंलग्नताप्रतिको प्रतिबद्धताले स्थितिलाई थप खराब बनाउन सक्छ

व्यावहारिक दृष्टिकोणबाट आबद्धता (एलाइनमेन्ट) अपनाउने नमुना राष्ट्रका रूपमा भियतनामलाई हेर्न सकिन्छ। यो दक्षिण-पूर्वी एसियाली राष्ट्रले सन् २००० को दशकमा चीनसँगको आर्थिक संलग्नतालाई व्यापक रूपमा बढाएको थियो। तर, दक्षिण चीन सागरमा बेइजिङले अवलम्बन गरेको आक्रामक विदेश नीतिको परिणामस्वरूप हनोई अमेरिकासँगको बलियो आबद्धता (एलाइनमेन्ट) तर्फ अघि बढेको छ। विदेश नीतिको व्यावहारिक समाधान खोज्ने क्रममा भियतनामले अमेरिकासँगको विगतमा भएको रक्तपातपूर्ण द्वन्द्व तथा कम्युनिस्ट सरकारलाई समाप्त पार्ने वासिंटनको पहिलेको इतिहासलाई समेत बेवास्ता गर्न पुगेको छ।

नेपालका लागि यसको के अर्थ हुन्छ ? असंलग्नता र तटस्थताका समर्थकले यसलाई राष्ट्रको सार्वभौमसत्ता रक्षा गर्ने अभिन्न अंग मान्छन्। यद्यपि, यो तर्क गर्न सकिन्छ कि चीन-भारत र चीन-अमेरिका प्रतिद्वन्द्विताले पहिले नै राष्ट्रको सार्वभौमसत्तालाई कमजोर बनाएको छ। असंलग्नताप्रतिको प्रतिबद्धताले स्थितिलाई अझ खराब बनाउन सक्छ कि भन्ने तर्क परराष्ट्र मामिलाका जानकारको रहेको छ।

रुसले युक्रेन वा जर्जियामा गरेजस्तै चीन वा भारतले नेपालमाथि आक्रमण गर्ने सम्भावना कम भए पनि यहाँको राजनीतिलाई प्रभाव पार्ने ठोस रणनीति र प्रयास दुवै मुलुकबाट प्रकट भइरहेका छन्। उदाहरणका रूपमा माओवादी र एमालेलाई एकताबद्ध गरेर नेपाल कम्युनिस्ट पार्टी गठनमा चीनको भूमिकालाई अर्थपूर्ण रूपमा लिन सकिन्छ। त्यसैगरी अमेरिकी पूर्वाधार विकास कार्यक्रम, एमसिसीविरुद्ध उनीहरूले गरेको लबी र नेपालका शीर्ष कम्युनिस्ट नेतालाई 'सी जिनपिङ' विचारमा शिक्षित गर्न गरेको प्रयासले नेपालमा चीनको चासो र प्रभावलाई ईंगित गरेको छ।

अर्कातर्फ, बढ्दो चिनियाँ प्रभावप्रति भारतले प्रतिक्रिया दिन थालेको आभास हुँदै छ। उदाहरणका लागि, भारतले नेपाली सामानमा ब्युरो अफ इन्डियन स्ट्यान्डर्ड लागू गरेको छ। यसको मतलब नेपाली उत्पादनले निश्चित मानक पूरा गर्नुपर्ने छ। उनीहरूले मानक प्रमाणीकरण नगरी नेपाली उत्पादन भारत निर्यात हुन सक्दैन। यस नीतिलाई मुख्यतः चिनियाँ कम्पोनेन्ट भएका उत्पादनको अन्तर्राष्ट्रिय व्यापारलाई सीमित गर्ने प्रयासका रूपमा हेर्न सकिन्छ। यसबाहेक, नेपाली सरकारी प्रतिनिधि मण्डलको बेइजिङ भ्रमणका वेला बिआरआईमा प्रतिबद्धता जनाएका कारण भारतले नेपाल सरकारको नेतृत्वलाई अझै आधिकारिक भ्रमणका लागि आमन्त्रित नगरेको भन्ने पनि विश्लेषण गर्ने गरिएको छ।

यो विश्लेषणबाट के देखिन्छ भने नेपालले अवलम्बन गरेको असंलग्नता र तटस्थताको नीति तदनुकूल व्यवहारमा रूपान्तरण हुन सकेको छैन। अनुयायीले मानेजस्तै यसले देशको सार्वभौमिकताको रक्षा गर्ने विषय पनि प्रश्नरहित छैन। यसर्थ, लामो समयदेखि अवलम्बन गरेको तटस्थता र असंलग्नताको विदेश नीतिलाई क्षेत्रीय तथा विश्वव्यापी वास्तविकता र विश्वव्यापी रूपमा बढ्दो भूराजनीतिक वातावरणको सन्दर्भमा पुनरावलोकन गर्नपर्छ। यसलाई अपरिवर्तनीय चट्टानी नीति (ओसिफाइड क्लिचेज) का रूपमा नलिई आलोचनात्मक दृष्टिकोणबाट विश्लेषण गरी समयसापेक्ष व्यावहारिक नीति अपनाउनु महत्त्वपूर्ण हुन्छ।

(मैनालीले बेलायतस्थित दोह्रम विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय सम्बन्ध विषयमा स्नातकोत्तर गरेका छन्)

३ प्रश्न

राज्य व्यवस्था तथा सुशासन समितिका सदस्य **चित्रबहादुर केसी**लाई



निजामती सेवा विधेयकमा कसरी गडबडी भयो ?

विधेयकमा गडबडी गराउन ब्युरोक्रेट्सहरूले सुरुदेखि खेलेका थिए। आफूहरूले वर्षौंदेखि खाइपाई आएको सुविधा खोसिने भयो भनेर उनीहरू प्रधानमन्त्रीदेखि सभामुखसम्म धाइरहेका थिए। कुलिङ पिरियड राख्दा वर्षौंदेखि तर मार्दै आएको तरमारा वर्गले केही वर्ष तर मार्न नपाइने भयो भनेर चलखेल गरेका हुन्। उनीहरूमा कविशिरोमणि लेखनाथ पौड्याललले भनेजस्तो 'म खाऊँ मै लाऊँ सुखसयल वा मोज म गरूँ' भन्ने भावना मात्र छ। तर, यसमा नेताहरू नमिली ब्युरोक्रेट्सले मात्र गडबडी गर्न सक्दैनन्। समितिमा एकमतले कुलिङ पिरियड राख्ने विषयमा भएको सहमतिमाथि यति ठुलो चलखेल हुनु गम्भीर चिन्ताको विषय हो।

यो गडबडी कहाँबाट कसरी भयो, यसको छानबिन गर्नुपर्दैन ?

विधेयकमा कुलिङ पिरियडको प्रावधान आउनासाथ ब्युरोक्रेट्सहरूको दौडादौड सुरु भएको सबैले देखेकै विषय हो। उनीहरूले प्रधानमन्त्री, सभामुख र दलका नेताहरूसम्मलाई भेटेर दिनुसम्मको दबाब दिइरहेका थिए। उनीहरूले आफूहरूले भनेजस्तो नभएमा राजीनामा दिनेसम्मको धम्की दिएका थिए। त्यसैले, सबैभन्दा ठुलो बदमासी पनि नेताहरूको आडमा ब्युरोक्रेट्सबाटै भएको छ। यस प्रकरणबाट उनीहरूको नियत प्रस्ट भएको छ। जजसको मिलेमतोमा चलखेल गरिएको भए पनि यसलाई सच्याउनुपर्छ। तर, भविष्यमा यस्तो चलखेल कतैबाट हुन नपाओस् भन्नका लागि यसबारे छानबिन गरी दोषीमाथि कारबाही गर्नुपर्छ।

विधेयकमा भएको गडबडीलाई अब कसरी सच्याइन्छ त ?

यो गडबडीलाई अब राष्ट्रिय सभाबाट सच्याउनुपर्छ। त्यहाँबाट नसच्चिई आएमा त्यो मान्य हुँदैन। तरमाराहरूलाई सधैं तर मार्न दिनु हुँदैन। यसमा भएको गडबडी सच्याउने अन्तिम विन्दु अहिलेलाई राष्ट्रिय सभा नै हो। त्यसैले, अब सबैले विवेक पुऱ्याएर यो गडबडीलाई सच्याउनुको विकल्प छैन।

प्रेरक प्रसंग

दुध कि पानी ?

गाउँपालिकाका अध्यक्षले ज्येष्ठ नागरिक दिवसमा गाउँका सबै वृद्धवृद्धालाई विशेष सम्मानसाथ खिर खुवाउने निर्णय गरे। यसका लागि उनले गाउँलेको भेला आयोजना गराए।

भेलामा उनले भने- ज्येष्ठ नागरिक हाम्रा आदर्श हुन्। उनीहरूको सम्मान गर्नु हामी सबैको कर्तव्य हो। त्यसैले, भोलिको ज्येष्ठ नागरिक दिवस भव्य रूपमा मनाउने हामीले निर्णय गरेका छौं। त्यस क्रममा यो गाउँपालिकाभित्र ६० वर्ष उमेर पुगेका सम्पूर्ण ज्येष्ठ नागरिकलाई खिर खुवाउने कार्यक्रम तय भएको छ। यस कार्यक्रममा यहाँहरूले पनि आआफ्ना तर्फबाट सक्दो सहयोग पुऱ्याउनुहुनेछ भन्ने विश्वास छ। तपाईंहरू सबैले गाउँपालिका कार्यालयबाहिर राखिएको कालो ट्यांकीमा एक-एक लिटर दुध ल्याएर खन्याईदिनुहोला। भेलामा उपस्थित सबैले करतल ध्वनिले प्रस्तावको समर्थन गरे। भोलि बिहानै एक-एक लिटर दुध ल्याइदिने वाचा गर्दै सबै घरतिर फर्किए। भोलिपल्ट बिहान अँध्यारोमै सबै गाउँलेले पालैपालो एक-एक लिटर दुध ल्याएर तोकिएको ट्यांकीमा खन्याए। उज्यालो भएपछि अध्यक्षलगायत पदाधिकारी पनि आइपुगे। दुध कति भएछ, पुग्ने भयो कि भएन भनेर ट्यांकीमा हेर्दा सबै छक्क परे। किनकि, त्यहाँ दुधको साटो पानी मात्र थियो। वास्तवमा अरू सबैले दुध हालेको ट्यांकीमा म एउटाले पानी हाल्दैमा के फरक पर्छ र भनेर सबै गाउँलेले त्यहाँ अँध्यारैमा दुधको साटो पानी खन्याएका थिए। जसले गर्दा ट्यांकी पानीले भरिएको थियो।



हामी पनि हरेक काममा म एउटाले गर्दैमा के फरक पर्छ र भन्ने सोच्छौं। यथार्थमा सबैले यस्तै सोचे भने धेरै ठुलो फरक पर्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कसले चलखेल गऱ्यो विधेयकमाथि ?

प्रतिनिधिसभाबाट बहुमतले पारित गरेको निजामती सेवा ऐनमा राज्य व्यवस्था समितिबाट पारित भई आएका कतिपय प्रावधानमाथि चलखेल गरेर सच्याइएको समाचार पढियो। के हाम्रा सांसदले पढ्न जान्दैनन् हो ? नत्र हात उठाएर या टेबल ठटाएर विधेयक पारित गर्नुअघि एकपटक सबै बुँदा वाचन गरेर सुन्नु र सुनाउनु जरुरी हुँदैन ? त्यति धेरै चलखेल संसद्मा कसैले चलखेल गऱ्यो कि भनेर थौरै आशंका पनि नगरिनु भनेको सांसदले आफूलाई नेतृत्वले जे गर् भन्छ, त्यही गर्ने भेडा ठान्नु हो। के सांसदका स्वविवेक हुँदैन ? के सांसदले देश र जनताको आवाज सुन्नुपर्दैन हो ?

● **अनुमा पण्डित**, बाफल, काठमाडौं

जिम्मेवारलाई कारबाही गर

देशको ऐन, कानुन निर्माण गर्ने थलो संसद्मा सांसदहरूले सहमति गरेर विधेयकमा समावेश गरिएको प्रावधानमाथि फेरबदल गरेर दिउँसै रात पार्ने दुष्प्रयास कसैले गर्छ भने त्यो कुनै हालतमा स्वीकार्य हुँदैन। विधेयकको भाषा र त्यसका प्रावधान फेरबदल गर्नेमाथि छानबिन गरी दोषी जोसुकै भए पनि हदैसम्मको कारबाही गरिनुपर्छ। भविष्यमा अन्य विषयमा पनि यस्ता अनेकखाले चलखेल हुन सक्ने भएकाले यस प्रकरणबारे छानबिन गरी जिम्मेवार व्यक्तिलाई कानुनी कठघरामा उभ्याउनैपर्छ।

● **सिद्धार्थ पाण्डे**
जावलाखेल, काठमाडौं

कुलिङ पिरियड राख्नैपर्छ ?

निजामती सेवा विधेयक प्रतिनिधिसभाबाट पारित हुँदानहुँदै विवादमा तानिएको छ। विधेयकले कानुनी रूप लिनुअगावै यसबारे निकै टीकाटिप्पणी भइरहेका छन्। निजामती सेवाबाट अवकाश पाएपछि या राजीनामा गरेपछि कम्तीमा दुई वर्षको अवधि नेपाल सरकारद्वारा दिइने कुनै पनि नियुक्तिका लागि निजामती कर्मचारी अयोग्य हुने कुलिङ पिरियडको प्रावधानमा गम्भीर चलखेल भएको समाचार आएको छ। यो विधेयक प्रतिनिधिसभाबाट पारित भइसकेको भए पनि त्यसलाई अब राष्ट्रिय सभाबाट सच्याइनुपर्छ।

● **बोधराज श्रेष्ठ**
सामाखुसी, काठमाडौं

दिवस मनाउँदैमा धान उत्पादन बढ्छ ?

हरेक वर्ष १५ असारमा राष्ट्रिय धान दिवस मनाउने गरिएको छ। कृषिप्रधान देशमा धान दिवस मनाउनु गलत होइन। दही-चिउरा खाएर असारे गीत गाउँदै हिलो छ्यापाछ्याप गरेर हर्षोल्लाससाथ मनाइने यो पर्व किसानका लागि महत्त्वपूर्ण चाड हो। मानो रोपेर मुरी फलाउने महिनाका रूपमा असार-साउनलाई हेरिन्छ।

हरेक वर्ष बजेट भाषणमा सरकारले कृषिका नाममा बजेट छुट्याउँदै आएको छ। तर, त्यो बजेट असली किसानले अहिलेसम्म सुँघ्नसम्म पाएका छैनन्। किसानलाई बजेट कहाँबाट कसरी आउँछ भन्नेसम्म पत्तो छैन। उनीहरूलाई आफ्नो खेतबारीमा काम गर्नै भ्याइनभ्याई छ। सरकारले कृषकका लागि केही गर्ने पर्दैन, मात्र समयमा बिउबिजन, मालखाद र आवश्यक औषधीका साथमा सिँचाइको व्यवस्था मिलाइदिन सके पुग्छ। अनि सरकारले कृषि क्षेत्रको प्रवर्द्धन गर्ने हो भने उत्पादित कृषि उपजको बजार व्यवस्थापनमा सघाउनुपर्छ। उत्पादित कृषि उपज बिक्री नभएर किसानले सडकमा फाल्न बाध्य हुनुपरेन, राज्यको त्यसको उचित मूल्य तोकिदियो र राज्यले तोकेको मूल्यमा आफ्नो उत्पादन बिक्री हुन थाल्यो भने किसानले आफैं गर्छन् नेपाली कृषिको विकास र आधुनिकीकरण।

वर्षमा एक दिन धान दिवस मनाएर आफ्नो कर्तव्य सकिएको ठानेर नेपाली कृषि क्षेत्रलाई बिर्सने प्रवृत्तिले त नेपाली कृषि क्षेत्रको विकास कसरी होला र कसरी वृद्धि होला कृषि उत्पादन ? त्यसैले, वर्षमा एक दिन दिवसका नाममा खेतमा पुगेर रोपाइँको नाटक मञ्चन गर्न छाडौं अब।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

इरान : जित्न नसकिने युद्ध

अमेरिकाले इरानसँगको युद्ध आफ्नै सर्तमा सुरु गर्न सक्छ, तर त्यसको अन्त्य ती सर्तमा हुनेछैन



देश / विदेश

● अशोक स्वैन

अमेरिका-इरान युद्धको भय दशकौंदेखि मध्यपूर्वमा मडारिँदै आएको छ। कहिले तेल ट्यांकरमाथि आक्रमण, कहिले पर्सिया खाडीको हर्मुज जलडमरुमा तनाव वा गोप्य तोडफोडमार्फत यो संकट सतहमा आउँछ। जुन २०२५ मा यो भय वास्तविकतासँग झन् नजिक पुग्यो, तर वासिंटनको दबाबमा एक असहज युद्धविराम सम्भव भयो। इरानी राष्ट्रपति मसुद पेजेस्कियनले यसलाई ऐतिहासिक विजय भनेका छन् भने इजरायली रक्षामन्त्री इजरायल काट्जले अर्को पक्षले युद्धविरामको सम्मान गरेसम्म मात्र आफूले पनि गर्ने बताएका छन्।

यता राष्ट्रपति ट्रम्पले कंग्रेसको स्वीकृतिविनै इरानमाथि आक्रमणको आदेश दिएको आरोपमा आलोचना खेप्नुपऱ्यो। यद्यपि, डेमोक्र्याटको महाभियोग प्रयास असफल रह्यो। तर, यसले अमेरिकाभित्र सम्भावित युद्धलाई लिएर गहिरो विभाजन देखायो। यस्तो द्वन्द्व पश्चिम एसियाको हालसम्मकै सबैभन्दा खतरनाक युद्ध बन्न सक्थ्यो। तर, अमेरिकी सैन्य शक्ति अद्वितीय भए पनि उसले किन इरानी सत्ता परिवर्तन वा पूर्ण सैन्य पराजयसम्मको निष्कर्ष रोजेन ? ७० वर्ष लामो जटिल इतिहास र एक स्थायी पाठले इरान सजिलो दुस्मन होइन, न त सजिलै नियन्त्रण गर्न सकिने देश हो भन्ने देखाउँछ। सन् १९५३ मा अमेरिकी र बेलायती गुप्तचर निकाय सिआइए र एमआई-६ ले प्रधानमन्त्री मोहम्मद मोसाद्देगलाई सत्ताच्युत गरी शाहलाई पुनः सत्तामा ल्याए किनभने मोसाद्देगले तेल उद्योग राष्ट्रियकरण गर्न खोजेका थिए र इरान सोभियत संघतिर झुक्ने आशंका थियो। यही घटनाले इरानी अविश्वास र आक्रोशको बिउ रोप्यो, जुन सन् १९७९ मा विस्फोट भयो, जब तेहरानस्थित अमेरिकी दूतावासमा ५२ अमेरिकी नागरिक चार सय ४४ दिनसम्म बन्धक बनाइए। तत्पश्चात् अमेरिका इरानप्रति सधैं सतर्क रहँदै आएको छ।

अमेरिकी राष्ट्रपतिले इरानलाई धम्की दिए, प्रतिबन्ध लगाए र परोक्ष बमबारी पनि गरे। तर, पूर्ण युद्धको हिम्मत कमैले गरे। ९/११ को आतंककारी हमलापछि राष्ट्रपति जर्ज डब्लु बुसले इरानलाई दुष्टताको केन्द्र (एक्सिस अफ इभिल) को संज्ञा दिए। अफगानिस्तान र इराकमा शीघ्र सत्तापलटपछि उनका सल्लाहकारले तेहरानलाई अर्को लक्ष्य माने। तर, इराकमा फैलिएको विद्रोह र हजारौं अमेरिकीको मृत्युपछि केहीले इरानसँगको युद्ध झन् ठुलो र जटिल हुने चेतावनी दिए। स्मरण रहोस्, इरानको कठिन भौगोलिक बनोट र व्यापक मिलिसिया सञ्जालले युद्धलाई थप जटिल बनाउँछ।

यो यथार्थ ओबामाको पालामा झन् प्रस्ट भयो। जब इरानले आणविक प्रशोधनमा प्रगति गरिरहेको सूचना आयो, ओबामाले कूटनीतिक बाटो रोजे। उनका आलोचकले यसलाई बचकना निर्णय भने, तर ओबामाका लागि युद्धले आणविक कार्यक्रमलाई अस्थायी रूपमा मात्र रोक्ने र अमेरिकी सेनालाई जमिनमै तान्ने खतरा थियो। ट्रम्पले पहिलो कार्यकालमा ठिकविपरीत नीति अपनाए। उनले आणविक सम्झौता तोडे, कडा प्रतिबन्ध लगाए र जनरल कासिम सुलेमानीको हत्या गराए। तर, इरानले जब मिसाइल आक्रमणमा प्रतिक्रिया दियो, ट्रम्प दीर्घकालीन सैन्य कारबाहीबाट पछि हटे।

यसपटक ट्रम्प प्रत्यक्ष युद्धतर्फ झन् नजिक पुगेका थिए। अमेरिकी वायुसेनाले आणविक स्थल, कमान्ड केन्द्र र मिलिसिया अड्डामा प्रहार गऱ्यो। तर, अमेरिका अझै पनि जमिनीस्तरमा सेना पठाउनबाट पछि हट्यो, किनभने त्यस्तो कदमले तेल संकट निम्त्याउने र वैश्विक अर्थतन्त्रलाई मन्दीमा धकेल्ने खतरा थियो। कतारस्थित अमेरिकी अड्डामाथि इरानी मिसाइल आक्रमणपछि



तस्बिर : मोर्तेजा निकुञ्जल/नुरफोटो

ट्रम्पले इरानलाई अग्रिम चेतावनी दिएको भन्दै 'धन्यवाद' दिए। यो असामान्य भए पनि दुवै पक्ष साँच्चै युद्ध चाहँदैनथे भन्ने स्पष्ट सन्देश थियो।

इरानले फेरि किन आफूलाई निर्णायक रूपमा पराजित गर्नु गाह्रो छ भन्ने देखाएको छ। यसको भूगोल, राष्ट्रवाद र छद्म युद्ध रणनीतिले अमेरिकालाई सताएरै राखेको छ। इरानियन रिभोलुसनरी गार्ड कोर्प्स अमेरिकासँग प्रत्यक्ष भिड्न सक्दैन, तर लेबनानदेखि यमनसम्म फैलिएका मिलिसियाबाट क्रमशः क्षति गराउन सक्छ। पूर्ण युद्धले खाडीका राजतन्त्रलाई युद्धमा तान्ने, हर्मुज बन्द गराउने र तेलको मूल्य चुल्याउने जोखिम बोकेको हुन्छ। अझ भयावह विषय भनेको आणविक कार्यक्रम हो। तीन सन्देहास्पद अड्डामा आक्रमण गरिए पनि इरानले गहिरो भूमिगत पुनर्निर्माण गर्न सक्छ वा बम निर्माणतर्फ अघि बढ्न सक्छ, जुन वासिंटनको सबैभन्दा ठुलो डर हो।

हाल एक असहज युद्धविराम कायम छ। इरानले समस्या सुल्झाउने इच्छा देखाएको छ र इजरायलले संयमता देखाउने वाचा गरिरहेको छ। प्रवृत्ति दोहोरिएको छ, अर्थात् सीमित हमला, उक्साहट तर सत्ता परिवर्तनसम्मको आक्रमण नगर्ने। र, इरानी नेताले पनि खेल निकै चतुऱ्याइँसाथ खेलेका छन्। उनीहरूले यति मात्र हमला गर्छन् कि शत्रुले मूल्य चुकाउनुपरोस्। तर, यति गम्भीर पनि होइन कि अमेरिका प्रत्यक्ष युद्धमा उत्रन बाध्य होस्। अमेरिका आफैंले सिकेको पाठ के हो भने यस्तो युद्धको मूल्य अत्यधिक हुन्छ।

इतिहासले सत्तापलट सजिलो हुन सक्छ, तर त्यसपछिको स्थायित्व कठिन हुन्छ भन्ने सिकाउँछ। शाहको पतनदेखि दूतावास संकट, बग्दादका विद्रोहदेखि आजको युद्धविरामसम्म प्रवृत्ति उस्तै दोहोरिएको छ। अमेरिका इरानलाई सजाय दिन सक्छ, तर विजयको निश्चितता छैन। हालैका हवाई आक्रमण, मिसाइल प्रहार र युद्धविरामले अकल्पनीय रेखा पार गरिसकेका छन्। अमेरिकाले इरानसँगको युद्ध आफ्नै सर्तमा सुरु गर्न सक्छ, तर त्यसको अन्त्य ती सर्तमा हुनेछैन। सम्भावित अन्त्य जलिरहेका तेल ट्यांकर, कब्जा गरिएका दूतावास, अकासिएका मूल्य र शताब्दीयौंदेखि साम्राज्यलाई घुँडा टेकाउँदै आएको कठोर भूगोलमा मृत्युसँग जुधिरहेका अमेरिकी सैनिकका साथ हुनेछ।

(स्वैन उप्सला विश्वविद्यालयमा शान्ति एवं द्वन्द्व अनुसन्धानका प्राध्यापक हुन्)
नेसनल हेराल्डबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

थाइल्यान्डकी प्रधानमन्त्री निलम्बित

बैंकक/ थाइल्यान्डको संवैधानिक अदालतले मंगलबार प्रधानमन्त्री पेटोङटार्न सिनावात्रालाई निलम्बित गरेको छ। अदालतले कम्बोडियासँगको कूटनीतिक विवादमा ३८ वर्षीया पेटोङटार्नको आचरणमाथि छानबिन चलुन्जेल उनलाई प्रधानमन्त्रीबाट निलम्बन गरेको बताएको छ। 'संवैधानिक अदालतले ७-२ को बहुमतले प्रतिवादीलाई जुलाई १ देखि संवैधानिक अदालतले आफ्नो निर्णय नगरेसम्म प्रधानमन्त्रीको दायित्वबाट निलम्बन गर्छ,' अदालतले जारी गरेको एक विज्ञप्तिमा भनिएको छ।

केही विश्लेषकले पछिल्लो घटनाक्रमलाई दशकौँदेखिको सैन्य समर्थक शाही अभिजात वर्ग र सिनावात्रा परिवारबिचको संघर्षको पछिल्लो कडीका रूपमा हेरेका छन्। प्रभावशाली सिनावात्रा परिवारलाई सैना समर्थित शाही अभिजात वर्गले थाइल्यान्डको परम्परागत सामाजिक व्यवस्थाका लागि खतरा मान्छन्। पेटोङटार्नले एक वर्षभन्दा कम समयअघि सत्ता सम्हालेकी थिइन्। तर, संवैधानिक अदालतले सीमा विवादका क्रममा उनले मन्त्रिपरिषद्को नैतिकता उल्लंघन गरे-नगरेको विषयमा विचार गरिरहेकाले निलम्बन गरिएको बताएको छ।

कम्बोडियासँग लामो समयदेखि चलिरहेको तनावबिच मे महिनामा दुई देशको सीमाक्षेत्रमा



झडप भएको थियो। झडप हुँदा एक कम्बोडियाली सैनिकको मृत्यु भएको थियो। लिक भएको फोन रेकर्डिङअनुसार पेटोङटार्नले कम्बोडियाका पूर्वनेता हुन सेनलाई तनावबारे कुरा गर्ने क्रममा अत्यधिक झुकेको आरोप छ। फोनवार्तामा थाई प्रधानमन्त्रीले पूर्वकम्बोडियाली प्रधानमन्त्री सेनलाई 'काका' भनेको र झडप भएको क्षेत्रमा खटिएका थाई सैन्य कमान्डरलाई 'आफूलाई ठुलो देखाउने जानाजान तनाव बढाएको' आरोप लगाएको सुनिन्छ। रुढिवादी सांसदले प्रधानमन्त्रीले प्रतिद्वन्द्वी कम्बोडियासामु झुकेको र सेनाको अपमान गरेको आरोप लगाएका छन्।

पिता थाक्सिनविरुद्ध मुद्दा

अलग घटनामा मंगलबार नै प्रधानमन्त्रीका पिता थाक्सिन थाइल्यान्डका राजाको विरोध गर्नेविरुद्ध लाग्ने कठोर राजद्रोह कानुनको उल्लंघनको आरोपमा बैंककको एक फौजदारी अदालतमा उपस्थित भए।

सन् २०१५ मा थाक्सिनले दक्षिण कोरियाली मिडियालाई दिएको एक अन्तर्वार्ताका आधारमा उनीमाथि मुद्दा चलिरहेको छ। यस मुद्दामा दोषी ठहरिएमा उनलाई १५ वर्षसम्म जेल सजाय हुन सक्छ। हप्तौँ चल्ने मुद्दाको फैसला कम्तीमा एक महिनासम्ममा आउने अपेक्षा गरिएको छैन। अदालतका एक अधिकारीले मंगलबार बिहान थाक्सिनको उपस्थितिमा मुद्दा सुरु भएको पुष्टि गरे। मिडियालाई सुनुवाइमा उपस्थिति हुन दिइएको थिएन। थाई राजनीतिक विश्लेषक थिटिनान पोङ्सुधिरकले पिता र छोरी जोडिएका दुई मामिला प्रत्यक्ष रूपमा जोडिएको बताए। हुन सेनसँगको पेटोङटार्नको फोन रेकर्डिङ बाहिरिएसँगै एक प्रमुख रुढिवादी सत्ता साझेदारले सरकार छाडिसकेको छ। विवाद सुरु भएयता हजारौँले सप्ताहन्तमा पेटोङटार्नको राजीनामा माग्दै विरोध प्रदर्शन गरेका छन्।

गोकर्णेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोरपाटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८२/०३/१८

यस गोकर्णेश्वर नगरपालिका अन्तर्गत मिति २०८२/०१/२३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका तथा PPMO को पोर्टलमा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तल उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७(२) र दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि प्रकाशित गरिएको छ।

सि. नं.	बोलपत्र आव्हानको सूचना नं.	कामको विवरण	छनौट भएको बोलपत्रदाताको नाम	कबोल अंक (मु.अ.क. सहित)
१.	GOMUN/NCB/GOODS/081-82/04	Supply and Delivery of Sanitary Pads for Gokarneshwor Municipality.	Health and Hygiene Products Pvt. Ltd Katahari-03 Morang.	१०,५१,१३०.५२

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार,
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,
तारा गाउँ विकास समिति

केन्द्रीय कार्यालय, रिसोर्ट होटल तथा चमेनागृहहरुको लागि आवश्यक सामाग्री तथा सेवाहरु उपलब्ध गराउने प्रयोजनको लागि सूची दर्ता गर्ने सम्बन्धी सूचना

(प्रथम पटक सुचना प्रकाशित मितिः २०८२।०३।१८)

समितिलाई आर्थिक वर्ष २०८२।८३ मा आवश्यक पर्ने तपशिल बमोजिमका सामाग्री तथा सेवाहरुको स्वीकृत दरभाउ पत्रद्वारा आवश्यक्ता बमोजिम पटक पटक खरिद गर्नु पर्ने भएकोले ईच्छुक रजिष्टर्ड फर्म, कम्पनी वा सप्लायर्सहरुवाट सूचि दर्ता गराई राख्नु पर्ने भएकोले ईच्छुक रजिष्टर्ड फर्म वा सेवाप्रदायक तथा सप्लायर्सहरुको रजिष्ट्रेशन नविकरण गरेको वा VAT दर्ता, आयकर दर्ता, कर चुक्ता प्रमाण पत्र तथा ईजाजत प्रमाण पत्रहरुको प्रमाणित प्रतिहरु संलग्न गरी समितिमा सूची दर्ता प्रयोजनको लागि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रीतपूर्वक समितिको केन्द्रीय कार्यालय, सहभागिता मार्ग, मध्य-वानेश्र, काठमाण्डौंमा सूचि दर्ता गराउनु हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

समितिलाई आवश्य पर्ने सामाग्रीहरु तथा सेवाहरुः

१. मसलन्द तथा छपाई सामाग्रीहरु (छपाई समेत गरी) सप्लाई गर्ने सेवा।
२. चारपाङ्ग्रे सवारी साधन मर्मत संभार सेवा।
३. विद्युतिय उपकरण कम्प्यूटर, प्रिण्टर तथा टेलिफोन आपूर्ति तथा मर्मत सम्भार सम्बन्धी सेवा।
४. फर्निचर तथा फर्निसिङ्ग सप्लाई तथा मर्मत संभार सम्बन्धी सेवा।
५. विद्युतिय सामाग्रीहरुको सप्लाई तथा मर्मत सम्भार सम्बन्धी सेवा।
६. विज्ञापन एजेन्सी सम्बन्धी सेवा।
७. कार्यालयको लागि जारको पिउने पानी सप्लाई सम्बन्धी सेवा।
८. भवन निर्माण तथा मर्मत सम्बन्धी सेवा।
९. रिसोर्ट होटल तथा चमेनागृहको भान्छाको औजार(**Kitchen Equipment**)सप्लाई सम्बन्धी सेवा।
१०.रिसोर्ट होटल तथा चमेनागृहको खाद्य तथा पेय, दुग्ध जन्य, मासु जन्य,फलफूल तथा तरकारी तथा भान्छा ईन्धन (ग्याँस) सामाग्रीहरु सप्लाई सम्बन्धी सेवा।
११.कुरियर सेवा।
१२.सवारी साधन भाडामा दिने तथा आन्तरिक हवाई उपलब्ध गराउने सम्बन्धी सेवा।

सहभागिता मार्ग, मध्यवानेश्वर, काठमाण्डौ।
विस्तृत जानकारीको लागिः सुचना चन्द सम्पर्क नं.९८६७५६६६१८
सम्पर्क नं.०१-५१७२०२३

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्सः +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सनः २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

जमानतकर्तालाई ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ९० (नब्बे) दिने सार्वजनिक सूचना

यस बैंकबाट तहाँ जमानतकर्ताले ऋणीले लिएको कर्जाको लागि व्यक्तिगत / संस्थागत जमानतदिनु भएकोमा उक्त कर्जा वापतको धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्रि/गैर बैंकिङ्ग सम्पत्तिको रुपमा बिक्रि/सकार गरि सो बापत प्राप्त भएको रकमले कर्जा खातामा आंशिक रुपमा हिसाव मिलान गरि बाँकी रहेको ऋण कर्जा, साँवा, व्याज, हर्जना व्याज तथा अन्य शुल्क चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ९० (नब्बे) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ९० (नब्बे) दिन भित्र यस बैंकमा सम्पर्क राखी गैर बैंकिङ सम्पत्ति बिक्री वापतको रकमले कर्जा आंशिक रुपमा हिसाव मिलान गरि बाँकी रहेको रकम कर्जा साँवा, व्याज, हर्जना व्याज तथा अन्य शुल्क चुक्ता भुक्तान गर्नुहोला अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग गरेको लिखत, नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम तहाँ जमानतकर्तालाई समेत कालोसुचिमा समावेश गरि बाँकी रहेको कर्जा असुल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाकौ ऋण असुली ऐन,२०५८ र सो को नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जाय जेथा श्रीसम्पतिबाट बाँकी सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा, दर्ता नं. २४६३३४/०७७/०७८ अन्तर्गत मिति २०७७/०७/१६ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको काठमाण्डौ जिल्ला, टोखा न.पा. वडा नं. २ स्थित **हिशिला सप्लायर्स प्रा.लि.**
	जमानीकर्ताहरुः १) कुमार डंगोल, स्थायी ठेगानाः काठमाण्डौ जिल्ला, टोखा चण्डेश्वरी गा.वि.स. वडा नं. १, हालको ठेगानाः काठमाण्डौ जिल्ला, टोखा न.पा. वडा नं. १, बाबुः एक नारायण डंगोल, बाजेः पुन सिंह डंगोल, **२) प्रमिला कर्माचार्य,** स्थायी ठेगानाः काठमाण्डौ जिल्ला, टोखा चण्डेश्वरी गा.वि.स. वडा नं. ४, हालको ठेगानाः काठमाण्डौ जिल्ला, टोखा न.पा. वडा नं. १, बाबुः प्रकाश कर्माचार्य, ससुराः एक नारायण डंगोल, पतिः कुमार डंगोल
२)	नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं कम्पनी दर्ता नं. २९०६८५/७८/०७९ अन्तर्गत मिति २०७९/०१/२७ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. २ स्थित **सिनोपिक इन्टरनेशनल प्रा.लि.**
	जमानीकर्ताहरुः १) देव सिं राना थारु, ठेगानाः कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ७, बाबुः बल्दी राना थारु, बाजेः तेजराम राना, **२) अमर सिंह राना,** ठेगानाः कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ७, बाबुः बल्दी राना थारु, बाजेः तेजराम राना, **३) विर्जु राना,** ठेगानाः कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ७, बाबुः बल्दी राना थारु, बाजेः तेजराम राना, **४) कन्या देवी राना,** ठेगानाः कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ७, बाबुः बाना राना, ससुराः बल्दी राना थारु, पतिः देव सिं राना थारु, **५) मन्तरिया देवी राना,** ठेगानाः कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ७, बाबुः हिरा राना, ससुराः तेजराम राना, पतिः बल्दी राना थारु, **६) सावित्री देवी राना,** ठेगानाः कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ७, बाबुः रामदीन राना थारु, ससुराः बल्दी राना थारु, पतिः विर्जु राना, **७) लक्ष्मी राना,** ठेगानाः कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ७, बाबुः बल्दी राना थारु, बाजेः तेजराम राना
३)	१) नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, धनगढी, कैलालीमा प्रा.फ.र.नं. ११९८०२/०६३/६४ अन्तर्गत मिति २०६३/०५/१२ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको कैलाली जिल्ला, मालाखेती गा.वि.स. वडा नं. ७ स्थित **मनिषा इन्टरप्राइजेज**
	जमानीकर्ताहरुः १) प्रकाश चन्द्र पाण्डेय, स्थायी ठेगानाः कञ्चनपुर जिल्ला, पिपलाडी गा.वि.स. वडा नं. ६, हालको ठेगानाः कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. २, बाबुः कृष्ण दत्त पाण्डेय, बाजेः वाशुदेव पाण्डेय, **२) विमला कुमारी तिवारी,** स्थायी ठेगानाः कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. २, हालको ठेगानाः कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. २, बाबुः माधव प्रसाद तिवारी, ससुराः कृष्ण दत्त पाण्डेय, पतिः प्रकाश चन्द्र पाण्डेय, **३) आयुश पाण्डेय,** ठेगानाः कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. २, बाबुः प्रकाश चन्द्र पाण्डेय, बाजेः कृष्ण दत्त पाण्डेय
	२) प्रकाश चन्द्र पाण्डेय स्थायी ठेगानाः कञ्चनपुर जिल्ला, पिपलाडी गा.वि.स. वडा नं. ६, हालको ठेगानाः कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. २, बाबुः कृष्ण दत्त पाण्डेय, बाजेः वाशुदेव पाण्डेय
	जमानीकर्ताहरुः १) विमला कुमारी तिवारी, स्थायी ठेगानाः कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. २, हालको ठेगानाः कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. २, बाबुः माधव प्रसाद तिवारी, ससुराः कृष्ण दत्त पाण्डेय, पतिः प्रकाश चन्द्र पाण्डेय, **२) आयुश पाण्डेय,** ठेगानाः कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. २, बाबुः प्रकाश चन्द्र पाण्डेय, बाजेः कृष्ण दत्त पाण्डेय
४)	**शिव कुमार प्रधान** ठेगानाः काभ्रे जिल्ला, पनौती गा.वि.स. /न.पा. वडा नं. ६, बाबुः न्हुच्छे प्रधान, बाजेः रत्न भक्त प्रधान
	जमानीकर्ताहरुः १) अनिता प्रधान, ठेगानाः काभ्रे जिल्ला, पनौती न.पा. वडा नं. ६, बाबुः शिव कुमार प्रधान, बाजेः न्हुच्छे प्रधान, **२) जगती माया श्रेष्ठ,** ठेगानाः काभ्रे जिल्ला, सुब्बागाँउ गा.वि.स./न.पा. वडा नं. ६, बाबुः आस काजि श्रेष्ठ, ससुराः न्हुच्छे प्रधान, पतिः शिव कुमार प्रधान
५)	**कुन्दन थापा मगर** ठेगानाः काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १६, बाबुः इन्द्र बहादुर थापा, बाजेः जय बहादुर थापा
	जमानीकर्ताः सुमित्रा थापा, ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १६, बाबुः जीत बहादुर थापा, ससुराः इन्द्र बहादुर थापा, पतिः कुन्दन थापा मगर
६)	प्रदेश सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, बागमती प्रदेश, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा, मकवानपुरमा प्रा.फ.र.नं. ३४७३/२६२२/०७९/०८०, अन्तर्गत मिति २०७९/०६/१२ मा प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ बमोजिम दर्ता भएको मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १० स्थित **सत गुरु देव हार्डवेयर**
	जमानीकर्ताहरुः १) श्रीमती सरिता घलान, स्थायी ठेगानाः मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ६, हालको ठेगानाः मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १३, बाबुः गजव सिं गोम्जा, ससुराः लाल बहादुर घलान, पतिः भिमलाल घलान, **२) वशन्त गोम्जा,** ठेगानाः मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १३, बाबुः मान बहादुर गोम्जा, बाजेः विर मान गोम्जा, **३) सुरज कुमार घलान,** ठेगानाः मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १५, बाबुः भिम लाल घलान, बाजेः लाल बहादुर घलान
७)	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा, दर्ता नं. २१२९४४/०७५/०७६ अन्तर्गत मिति २०७५/१२/२८ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ५ (शाखा कार्यालयः जिल्ला चितवन, भरतपुर म.न.पा. वडा नं. २२) स्थित **चितवन एनिमल एण्ड बर्ड लाइभस्टक फार्म प्रा.ली.**
	जमानीकर्ताहरुः १) कृष्ण बहादुर नेपाली, स्थायी ठेगानाः चितवन जिल्ला, भरतपुर उ.म.न.पा./गा.वि.स. वडा नं. १३, हालको ठेगानाः चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ५, बाबुः राम बहादुर सार्की, बाजेः बुधे सार्की, **२) सीता नेपाली,** स्थायी ठेगानाः चितवन जिल्ला, शिवनगर गा.वि.स. वडा नं. ७, हालको ठेगानाः चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ५, बाबुः सोम बहादुर सार्कि, ससुराः राम बहादुर सार्की, पतिः कृष्ण बहादुर नेपाली
८)	प्रदेश सरकार, प्रदेश न. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरीमा प्रा.फ.र.नं. ७७४५/०७६/७७, अन्तर्गत मिति २०७६/०६/०६ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा. नं. १०, स्थित **कामाक्षी ट्रेडर्स**
	जमानीकर्ताहरुः १) नेहा गुरुङ्ग, स्थायी ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ४, हालको ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १६, बाबुः गोपाल गुरुङ्ग, बाजेः कृष्ण बहादुर गुरुङ्ग, **२) रेणु थापा मगर,** स्थायी ठेगानाः काठमाडौं जिल्ला, महाकाल गा.वि.स. वडा नं. ९, हालको ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १६, बाबुः कुमार बहादुर थापा मगर, ससुराः कृष्ण बहादुर गुरुङ्ग, पतिः गोपाल गुरुङ्ग **३) गोपाल गुरुङ्ग,** स्थायी ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १२, हालको ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १६, बाबुः कृष्ण बहादुर गुरुङ्ग, बाजेः शन्नी गुरुङ **४) विपिन गुरुङ्ग,** स्थायी ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ४, हालको ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १६, बाबुः गोपाल गुरुङ्ग, बाजेः कृष्ण बहादुर गुरुङ्ग, **५) विवेक गुरुङ्ग,** स्थायी ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ४, हालको ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १६, बाबुः गोपाल गुरुङ्ग, बाजेः कृष्ण बहादुर गुरुङ्ग
९)	१) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २०८३४७/०७५/०७६ अर्न्तगत मिति २०७५/१०/२४ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको झापा जिल्ला, कमल गा.पा. वडा नं. ५ स्थित **देउमाई बहुउद्देश्यीय कृषि फार्म प्रा.लि.**
	जमानीकर्ताहरुः १) पंच वाहादुर लिम्बु, स्थायी ठेगानाः इलाम जिल्ला, गजुरमुखी गा.पं. वडा नं. ३, हालको ठेगानाः झापा जिल्ला, दमक न.पा. वडा नं. ५, बाबुः दल वाहादुर लिम्बु, बाजेः जित बहादुर लिम्बु, **२) रत्ना लिम्बु,** स्थायी ठेगानाः इलाम जिल्ला, गजुरमुखी गा.वि.स. वडा नं. ३, हालको ठेगानाः झापा जिल्ला, दमक न.पा. वडा नं. ५, बाबुः ललित बहादुर लावती लिम्बु, ससुराः दल वाहादुर लिम्बु, पतिः पंच वाहादुर लिम्बु
	२) पंच वाहादुर लिम्बु, स्थायी ठेगानाः इलाम जिल्ला, गजुरमुखी गा.पं. वडा नं. ३, हालको ठेगानाः झापा जिल्ला, दमक न.पा. वडा नं. ५, बाबुः दल वाहादुर लिम्बु, बाजेः जित बहादुर लिम्बु
	जमानीकर्ताहरुः १) दिक्षा लिम्बु, स्थायी ठेगानाः झापा जिल्ला, कन्काई न.पा. वडा नं. ७, हालको ठेगानाः झापा जिल्ला, दमक न.पा. वडा नं. ५, बाबुः पंच बहादुर लिम्बु, बाजेः दल वाहादुर लिम्बु, **२) रत्ना लिम्बु,** स्थायी ठेगानाः इलाम जिल्ला, गजुरमुखी गा.वि.स. वडा नं. ३, हालको ठेगानाः झापा जिल्ला, दमक न.पा. वडा नं. ५, बाबुः ललित बहादुर लावती लिम्बु, ससुराः दल वाहादुर लिम्बु, पतिः पंच वाहादुर लिम्बु
१०)	१) प्रदेश सरकार, प्रदेश नं.१ उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण जिर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरीमा प्रा.फ.र.नं. १००२१/०७८/०७९ अर्न्तगत मिति २०७८/०४/१९ मा निजि तथा साझेदारी फर्म दर्ता ऐन २०७७ बमोजिम दर्ता भएको सुनसरी जिल्ला, हरिनगर गा.पा. वडा नं. ४ स्थित **वैभव किराना पसल**
	जमानीकर्ताहरुः १) लक्ष्मण पोदार, स्थायी ठेगानाः सुनसरी जिल्ला, हरिनगर गा.बि.स वडा नं. ०२, हालको ठेगानाः सुनसरी जिल्ला, हरिनगर गा.पा. वडा नं. ४, बाबुः उपीलाल पौदार, बाजेः रसिकलाल पौदर, **२) अनिता कुमारी पोदार,** स्थायी ठेगानाः सुनसरी जिल्ला, इटहरी उ.म.न.पा वडा नं. ६, हालको ठेगानाः सुनसरी जिल्ला, हरिनगर गा.पा. वडा नं. ४, बाबुः शिव शंकर पोदार, ससुराः लक्ष्मण पौदार, पतिः प्रकास कुमार देव, **३) सुरेन्द्र कुमार देव,** स्थायी ठेगानाः सुनसरी जिल्ला, हरिनगर गा.बि.स वडा नं. २, हालको ठेगानाः सुनसरी जिल्ला, हरिनगर गा.पा. वडा नं. ४, बाबुः लक्ष्मण पौदार, बाजेः उपीलाल पौदार, **४) दुर्गानन्द लाल देव,** स्थायी ठेगानाः सुनसरी जिल्ला, हरिनगर गा.बि.स वडा नं. २, हालको ठेगानाः सुनसरी जिल्ला, हरिनगर गा.पा. वडा नं. ४, बाबुः लक्ष्मण लाल देव, बाजेः उपीलाल पौदार, **५) गिता कुमारी यादव,** स्थायी ठेगानाः सुनसरी जिल्ला, मध्यहर्षाही गा.वि.स वडा नं. ३, हालको ठेगानाः सुनसरी जिल्ला, हरिनगर गा.पा. वडा नं. ४, बाबुः राम उचित यादव, ससुराः लक्ष्मण पौदार, पतिः मुकेश देव, **६) मुन्नी देवी पौदार,** स्थायी ठेगानाः सुनसरी जिल्ला, हरिनगर गा.वि.स वडा नं. २, हालको ठेगानाः सुनसरी जिल्ला, हरिनगर गा.पा. वडा नं. ४, बाबुः विन्देश्वरी पोदार, ससुराः उपीलाल पौदार, पतिः लक्ष्मण लाल पौदार, **७) प्रकाश कुमार देव,** स्थायी ठेगानाः सुनसरी जिल्ला, हरिनगर गा.बि.स वडा नं. २, हालको ठेगानाः सुनसरी जिल्ला, हरिनगर गा.पा. वडा नं. ४, बाबुः लक्ष्मण पौदार, बाजेः उपीलाल पौदार, **८) पुजा साह,** ठेगानाः सुनसरी जिल्ला, हरिनगर गा.पा. वडा नं. ४, बाबुः ब्रहम देव साह, ससुराः लक्ष्मण पौदार, पतिः दुर्गानन्द लाल देव, **९) पुनम देव,** स्थायी ठेगानाः सुनसरी जिल्ला, हरिनगर गा.वि.स वडा नं. २, हालको ठेगानाः सुनसरी जिल्ला, हरिनगर गा.पा. वडा नं. ४, बाबुः शिवनारायण देव, ससुराः लक्ष्मण पौदार, पतिः सुरेन्द्रर देव, **१०) मुकेश देव,** स्थायी ठेगानाः सुनसरी जिल्ला, हरिनगर गा.वि.स वडा नं. २, हालको ठेगानाः सुनसरी जिल्ला, हरिनगर गा.पा. वडा नं. ४, बाबुः लक्ष्मण पौदार, बाजेः उपीलाल पौदार
११)	१) नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरीमा प्रा.फ.र.नं. ४४३४/४७/०७४/०७५ अन्तर्गत मिति २०७४/१२/१९ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएका महोत्तरी जिल्ला, सम्सी गा.पा. वडा नं. १ स्थित **प्रभात ट्रेडर्स**
	जमानीकर्ताहरुः १) राजु जैसवाल, स्थायी ठेगानाः महोत्तरी जिल्ला, पर्सा देवाड गा.वि.स. वडा नं. १, हालको ठेगानाः महोत्तरी जिल्ला, सम्सी गा.पा. वडा नं. १, बाबुः नागेन्द्र प्रसाद चौधरी, बाजेः विसेश्वर चौधरी, **२) नागेन्द्र प्रसाद चौधरी,** ठेगानाः महोत्तरी जिल्ला, सम्सी गा.पा. वडा नं. १, बाबुः विसेश्वर चौधरी, बाजेः मुनर चौधरी, **३) विन्दु देवी चौधरी,** स्थायी ठेगानाः महोत्तरी जिल्ला, पर्सा देवाड गा.वि.स. वडा नं. १, हालको ठेगानाः महोत्तरी जिल्ला, सम्सी गा.पा. वडा नं. १, बाबुः नन्दु चौधरी, ससुराः विसेश्वर चौधरी, पतिः नागेन्द्र प्रसाद चौधरी, **४) रविता कुमारी चौधरी,** ठेगानाः महोत्तरी जिल्ला, सम्सी गा.पा. वडा नं. १, बाबुः सिंगहेश्वर चौधरी, ससुराः नागेन्द्र प्रसाद चौधरी, पतिः राजु जैसवाल, ५) रितिक जैसवाल, स्थायी ठेगानाः महोत्तरी जिल्ला, पर्सा देवाड गा.वि.स. वडा नं. १, हालको ठेगानाः महोत्तरी जिल्ला, सम्सी गा.पा. वडा नं १, बाबुः नागेन्द्र प्रसाद चौधरी, बाजेः विसेश्वर चौधरी
	२) विन्दु देवी चौधरी स्थायी ठेगानाः महोत्तरी जिल्ला, पर्सा देवाड गा.वि.स. वडा नं. १, हालको ठेगानाः महोत्तरी जिल्ला, सम्सी गा.पा. वडा नं. १ बाबुः नन्दु चौधरी, ससुराः विसेश्वर चौधरी, पतिः नागेन्द्र प्रसाद चौधरी
	जमानीकर्ताहरुः १) रोहित जैसवाल, ठेगानाः महोत्तरी जिल्ला, सम्सी गा.पा. वडा नं. १, बाबुः नागेन्द्र प्रसाद चौधरी, बाजेः विसेश्वर चौधरी, **२) नागेन्द्र प्रसाद चौधरी,** ठेगानाः महोत्तरी जिल्ला, सम्सी गा.पा. वडा नं. १, बाबुः विसेश्वर चौधरी, बाजेः मुनर चौधरी, **३) रविता कुमारी चौधरी,** ठेगानाः महोत्तरी जिल्ला, सम्सी गा.पा. वडा नं. १, बाबुः सिंगहेश्वर चौधरी, ससुराः नागेन्द्र प्रसाद चौधरी, पतिः राजु जैसवाल, **४) रितिक जैसवाल,** स्थायी ठेगानाः महोत्तरी जिल्ला, पर्सा देवाड गा.वि.स. वडा नं. १, हालको ठेगानाः महोत्तरी जिल्ला, सम्सी गा.पा. वडा नं १, बाबुः नागेन्द्र प्रसाद चौधरी, बाजेः विसेश्वर चौधरी, **५) राजु जैसवाल,** स्थायी ठेगानाः महोत्तरी जिल्ला, पर्सा देवाड गा.वि.स. वडा नं. १, हालको ठेगानाः महोत्तरी जिल्ला, सम्सी गा.पा. वडा नं. १, बाबुः नागेन्द्र प्रसाद चौधरी, बाजेः विसेश्वर चौधरी
१२)	नेपाल सरकार, घरेलु तथा साना उद्योग विभाग, उद्योग विकास शाखा लहान, सिरहामा प्रा.फ.न.घ.उ.सि. ८१३६/०७४/०७५ अन्तर्गत मिति २०७४/१२/१३ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको सिरहा जिल्ला, फुलकहाकट्टि गा.वि.स. वडा नं. ४ ख (हाल धनगढिमाई न.पा. वडा नं. ६) स्थित **शिवम कृषि तथा पोल्ट्री फार्म हाउस**
	जमानीकर्ताहरुः १) शिव कुमार सिंह, स्थायी ठेगानाः सिरहा जिल्ला, फुलकाहाकट्टी गा.वि.स. वडा नं. ४, हालको ठेगानाः सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. ६, बाबुः राम बिलास महतो, बाजेः श्रीलाल महतो, **२) बिन्देस्वरी,** स्थायी ठेगानाः सिरहा जिल्ला, वल्ही गा.प. वडा नं. १, हालको ठेगानाः सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. ६, बाबुः वछरी महतो, ससुराः श्रीलाल महतो, पतिः राम विलास महतो, **३) राम विलास महतो,** स्थायी ठेगानाः सिरहा जिल्ला, बल्ही गा.वि.स. वडा नं. १, हालको ठेगानाः सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. ६, बाबुः श्रीलाल महतो, बाजेः राम किसुन महतो, **४) दिनेश कुमार महतो,** स्थायी ठेगानाः सिरहा जिल्ला, फुलकाहाकट्टी गा.वि.स. वडा नं. ४, हालको ठेगानाः सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. ६, बाबुः राम विलास महतो, बाजेः श्रीलाल महतो, **५) मनिता कुमारी महतो,** ठेगानाः सिरहा जिल्ला, धनगढी माई न.पा. वडा नं. ६, बाबुः राम कुमार महतो, ससुराः राम बिलास महतो, पतिः शिव कुमार सिंह
१३)	प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.नं. ६८६२/७२१/५१/२६, बौधिमाई अन्तर्गत मिति २०७६/०१/०८ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. १ (हाल बौधीमाई न.पा. वडा नं. ९) स्थित **देवराज पोलट्री फार्म**
	जमानीकर्ताहरुः १) अरविन्द कुमार कुशवाहा, स्थायी ठेगानाः रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. १, हालको ठेगानाः रौतहट जिल्ला, बौधीमाई न.पा वडा नं. ९, बाबुः जंगी लाल महतो कुशवाहा, बाजेः जादो लाल महतो, **२) सविता कुमारी कुशवाहा,** स्थायी ठेगानाः रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. १, हालको ठेगानाः रौतहट जिल्ला, बौधीमाई न.पा वडा नं. ९, बाबुः कृष्ण प्रसाद कुशवाहा, ससुराः जंगी लाल महतो कुशवाहा, पतिः रविन्द्र कुमार कुशवाहा, **३) शर्मीला कुमारी देवी,** स्थायी ठेगानाः रौतहट जिल्ला, सरमुजवा गाउँ पञ्चायत वडा नं. १, हालको ठेगानाः रौतहट जिल्ला, बौधीमाई न.पा वडा नं. ९, बाबुः जीतन महतो कोइरी, ससुराः जादो लाल महतो, पतिः जंगी लाल महतो कुशवाहा, **४) निरमल देवी,** ठेगानाः रौतहट जिल्ला, बौधीमाई न.पा वडा नं. ९,बाबुः रामअज्ञा महतो कोइरी, ससुराः जंगी लाल महतो कुशवाहा, पतिः अरविन्द कुमार कुशवाहा, **५) रविन्द्र कुमार कुशवाहा,** स्थायी ठेगानाः रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. १, हालको ठेगानाःरौतहट जिल्ला, बौधीमाई न.पा वडा नं. ९, बाबुः जंगी लाल महतो, बाजेः जादो लाल महतो, **६) जंगी लाल महतो कुशवाहा,** स्थायी ठेगानाः रौतहट जिल्ला, सरमुजवा गाउँ पञ्चायत वडा नं. १, हालको ठेगानाः रौतहट जिल्ला, बौधीमाई न.पा वडा नं. ९, बाबुः जादो लाल महतो, बाजेः रामहीत महतो

नोटः ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार १८ असार ०८२

संक्षेप

मुलुकको स्तरोन्नतिपछि पनि साझेदारी कायम राख्न आग्रह



काठमाडौं/ नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपाल अतिकम विकसित देश (एलडिसी)बाट स्तरोन्नति भएपछि पनि बलियो साझेदारी र जलवायुमैत्री वित्तीयकरणका लागि विश्व समुदायसँग आग्रह गरेका छन् ।

स्पेनको सेभिल्लास्थित फाइब्स सेभिल्ला प्रदर्शनी र सम्मेलन केन्द्रमा मंगलबार आयोजित 'सशक्तीकरणका लागि लचिलोपन : दिगो एलडिसी स्तरोन्नतिका लागि जलवायु-स्मार्ट वित्तीयकरण' कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो आग्रह गरेका हुन् । अध्यक्ष ढकालले सन् २०२६ मा अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति हुने विषय नेपालका लागि उपलब्धिसँगै चुनौतीपूर्ण रहेको पनि बताए । नेपालको एलडिसी स्तरोन्नतिका लागि तीन मापदण्डमध्ये दुई पूरा भएको भए पनि प्रतिव्यक्ति आयस्तर र जलवायु परिवर्तनको प्रभावप्रति उच्च जोखिममा रहेको उनले उल्लेख गरे । 'नेपालमा धेरै अवसर छन् । देशको ४० हजार मेगावाटभन्दा बढीको जलविद्युत् सम्भावना छ,' उनले भने ।

चेम्बर र आइआरजिडिडीबिच सहकार्यको सम्झौता



काठमाडौं/ नेपाल चेम्बर अफ कमर्स र इन्टरनेसनल रिलेसन्स एन्ड ग्लोबल डिप्लोमेसी डाइलग (आइआरजिडिडी)बिच आर्थिक कूटनीति र लगानी प्रवर्द्धनका लागि सहकार्य गर्ने सम्झौता भएको छ । काठमाडौंको जमलस्थित चेम्बर भवनमा मंगलबार आयोजित कार्यक्रममा चेम्बरका अध्यक्ष कमलेशकुमार अग्रवाल र आइआरजिडिडीकी अध्यक्ष एवं पूर्वराजदूत डा. शर्मिला पराजुली ढकालले सहकार्यको सम्झौतामा हस्ताक्षर गरेका छन् ।

चेम्बर र आइआरजिडिडीबिच व्यापार तथा लगानी कूटनीति र क्षमता अभिवृद्धि, नेपाली उत्पादनको बजार प्रवर्द्धन र निजी क्षेत्रको संलग्नतालगायतका विषयमा सहकार्य गर्ने सम्झौता भएको हो ।

वैशाखमा चार अर्ब ५० करोड रकमान्तर

काठमाडौं-तराई मधेश फास्ट ट्र्याक आयोजनाको एक अर्ब २४ करोड तीन परियोजनामा पठाइयो

उच्च रकमान्तरले नीतिगत स्थायित्व, योजना तयारी र बजेट कार्यान्वयनको विश्वसनीयतामाथि निरन्तर उठिरहेको छ प्रश्न

चैतमा भएको थियो, दुई अर्ब १० करोड २३ लाख रकमान्तर, त्यसमध्ये ३८ करोड स्थानीय सडक पुल निर्माण आयोजनामा पठाएको अर्थ मन्त्रालयको तथ्यांक

■ धेरै रकमान्तर भएका मन्त्रालय

- भौतिक मन्त्रालय : २ **अर्ब ५२ करोड**
- सहरी विकास मन्त्रालय : १ **अर्ब ३९ करोड**
- गृह मन्त्रालय : २३ **करोड ७३ लाख**
- शिक्षा मन्त्रालय : १७ **करोड ७१ लाख**
- ऊर्जा मन्त्रालय : ११ **करोड ५० लाख**
- खानेपानी मन्त्रालय : ५ **करोड ९० लाख**

पवन तिमिल्सिना/नयाँ पत्रिका



सरकारले बजेट अनुशासनको उल्लंघन गर्दै तोकिएका आयोजना तथा कार्यक्रममा विनियोजित बजेट खर्च नगरेर अन्तै रकमान्तर गर्ने प्रवृत्तिलाई निरन्तरता दिएको छ । चालू आर्थिक वर्ष ०८१/८२ को वैशाख महिनाभरि सरकारले पुँजीगत खर्चअन्तर्गत चार अर्ब ५० करोड ८५ लाख ८४ हजार बजेट रकमान्तर गरेको छ ।

योजनाहरूको कार्यान्वयन अवस्था, खर्चको गति र प्राथमिकतामा आएको हेरफेरका कारण विभिन्न मन्त्रालय तथा निकायहरूले पहिले स्वीकृत गरिएको उपशीर्षकअन्तर्गतको रकम घटाएर नयाँ उपशीर्षकमा रकम सार्ने गर्छन् । यसलाई रकमान्तर भनिन्छ । तर, यस्तो उच्च परिमाणको रकमान्तरले नीतिगत स्थायित्व, योजना तयारी र बजेट कार्यान्वयनको विश्वसनीयतामाथि प्रश्न उठाएको जानकारहरू बताउँछन् ।

वैशाखमा सबैभन्दा धेरै रकमान्तर भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले गरेको देखिन्छ । यस मन्त्रालयअन्तर्गत मात्रै दुई अर्ब ५२ करोड रुपैयाँभन्दा बढी बराबरको पुँजीगत बजेट एक उपशीर्षकबाट अर्कामा सारिएको छ । विशेष गरी काठमाडौं-तराई मधेश फास्ट ट्र्याक आयोजनाबाट एक अर्ब २४ करोडको रकमान्तर भएको छ । यो आयोजनाबाट ९० करोड रुपैयाँ 'सुरुङमार्ग विकास कार्यक्रम'मा, १४ करोड ७४ लाख 'वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम'मा र २० करोड १२ लाख 'औद्योगिक करिडोर विस्तार'मा सारिएको छ ।

भौतिक मन्त्रालयअन्तर्गत नै अरुण करिडोर, सेती राजमार्ग, पुष्पलाल राजमार्ग, बेनीघाट-आरुघाट-लार्के सडक, गल्छी-त्रिशूली-रसुवागढी सडक, डुम्रे-मनाङ सडक, चतरा-ओलाङचुङगोला करिडोरलगायतबाट कटौती गरी अन्य शीर्षकमा रकम सारिएको छ । यस मन्त्रालयबाट मात्र दर्जनभन्दा बढी उपशीर्षकमा रकमान्तर गरिएको छ । सहरी विकास मन्त्रालय पनि बजेट रकमान्तरको हिसाबले दोस्रो स्थानमा छ । सहरी विकास मन्त्रालयले करिब एक अर्ब ३९ करोड ४८ लाख रुपैयाँबराबरको रकमान्तर गरेको छ । बस्ती विकास कार्यक्रमबाट संघीय सचिवालय निर्माण तथा सघन सहरी विकास कार्यक्रममा धेरै रकम सारिएको छ । 'स्थानीय सडक पुल तथा सामुदायिक पहुँच सुधार', 'भवन निर्माण संहिता' र 'झोलुंगे पुल क्षेत्रगत कार्यक्रम'मा समेत रकमान्तर गरिएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत महाकाली सिँचाइ आयोजना र सुनकोशी-मरिन डाइभर्सन आयोजनाबाट ११ करोड ५० लाख रुपैयाँ कटौती गरी जलस्रोत संरक्षण आयोजना तथा अन्य कार्यक्रममा रकम सारिएको छ । खानेपानी मन्त्रालयले पनि पाँच करोड ९० लाख रुपैयाँभन्दा बढीको रकमान्तर गरेको छ । यसमा ढल निर्माण, केन्द्रीय खानेपानी आयोजना र कोभिड-१९ रेस्पोन्स आयोजनाबिच रकम रकमान्तरण गरिएको हो ।

गृह मन्त्रालयले प्रदेश प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय, उपत्यका प्रहरी कार्यालय र सशस्त्र प्रहरी बलसगायतका उपशीर्षकबाट २३ करोड ७३ लाख रुपैयाँभन्दा बढी कटौती गरी प्रहरी प्रधान कार्यालय र क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालयतर्फ सारिएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आफ्नै उपशीर्षकभित्र १७ करोड ७१ लाख रुपैयाँभन्दा बढी रकम रकमान्तर गरेको छ ।

चैत महिनामा सरकारले दुई अर्ब १० करोड २३ लाख रुपैयाँ बजेट एक उपशीर्षकबाट अर्कोमा रकमान्तर गरेको थियो । चैतमा सबैभन्दा बढी भौतिक मन्त्रालयअन्तर्गत नै रणनीतिक सडक पुल निर्माण तथा पुल पुलेसा संरक्षण आयोजनाबाट ३८ करोड रुपैयाँ स्थानीय सडक पुल निर्माण आयोजनामा रकमान्तर भएको थियो ।

८८ करोड ५५ लाख थप निकासा

गृह, अर्थ, रक्षा, स्वास्थ्य, सहरी विकास र परराष्ट्र मन्त्रालय तथा राष्ट्रपति कार्यालयलगायतका निकायलाई स्वीकृत नभएका शीर्षकमा खर्च गर्न छुट्टै स्रोतबाट ठुलो रकम प्रदान

चालू आर्थिक वर्षको वैशाख महिनामा मात्रै सरकारले विभिन्न मन्त्रालय तथा निकायलाई ८८ करोड ५३ लाख ६४ हजार दुई सय रुपैयाँबराबरको थप निकासा रकमान्तरको माध्यमबाट गरेको छ । यो रकम पहिले स्वीकृत नभएका शीर्षकमा खर्च गर्न छुट्टै स्रोतबाट सारिएको हो । अधिकांश रकम अदालत, गृह मन्त्रालय, अर्थ मन्त्रालय, रक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, सहरी विकास मन्त्रालय, परराष्ट्र मन्त्रालय तीन करोड ३१ लाख रुपैयाँ, राष्ट्रिय विपत् जोखिम न्यूनीकरण प्राधिकरणलाई दुई करोड ७३ लाख, हज समिति र मिटरब्याज पीडित समस्या समाधान आयोगलाई समेत रकम रकमान्तर गरिएको छ । परराष्ट्र मन्त्रालय र वन तथा वातावरण मन्त्रालय दुवैलाई सगरमाथा संवाद कार्यक्रम सञ्चालनका लागि रकम दिइएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयअन्तर्गत विशेष सरकारी वकिल कार्यालय र उच्च सरकारी वकिल कार्यालयलाई थप रकम प्रदान गरिएको छ । राष्ट्रपति कार्यालयले विभिन्न शीर्षकमा गरी चारपटकको निकासाबाट ९५ लाख रुपैयाँभन्दा बढी थप निकासा पाएको छ । स्वास्थ्य मन्त्रालयअन्तर्गत मनमोहन कार्डियोथेरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट केन्द्र, महाराजगन्जलाई मात्रै ५० लाख रुपैयाँ थप गरिएको छ ।



भौतिक पूर्वाधार मन्त्रालयले पनि २५ लाख रुपैयाँ प्राप्त गरेको छ भने सहरी विकास मन्त्रालयले आफ्ना दुई उपशीर्षकमा गरेर करिब १६ लाख रुपैयाँ पाएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अतिरिक्त समूहमा कार्यरत कर्मचारीको पारिश्रमिक र महँगी भत्ताबापत ४३ लाख रुपैयाँभन्दा बढी, सूचना तथा प्रविधि मन्त्रालयअन्तर्गत ७५ लाख रुपैयाँ र लोकसेवा आयोग, निर्वाचन आयोग, रक्षा मन्त्रालय र अन्य निकायलाई आ-आफ्नो शीर्षकअनुसार रकमान्तर निकासा गरिएको छ ।

कारागार कार्यालयलाई तीन करोड ३१ लाख थप खर्च निकासा

राष्ट्रिय विपत् जोखिम न्यूनीकरणलाई दुई करोड ७३ लाख

